# आर्थिक बर्ष २०७८/०७९ को
# नीति तथा कार्यक्रम

बित्थडचीर गाँउपालिका
गाउँकार्यपालिकाको कार्यालय देउलेख, बझाङ,
सुदुर पश्चिम प्रदेश
२०७८ असार १० गते

# खण्ड १

## परिचय समीक्षा

बित्थडचिर गाउँपालिकाका श्रद्धेय अध्यक्ष तथा वित्थडचिर गाउँपालिकाको पाँचौं वर्षे गाउँसभाका अध्यक्ष ज्यु, प्रमुख अतिथि ज्यु, विशिष्ठ अतिथि ज्यु, गाउँसभाका सम्पुर्ण सदस्य ज्युहरु, प्रमुख प्रशासकिय अधिकृत ज्यु, सम्पुर्ण राष्ट्र सेवक कर्मचारी मित्रहरु, विभिन्न संघ संस्थाका प्रतिनिधी तथा पदाधीकारी ज्युहरु, पत्रकार बन्धुहरु तथा सुरक्षाकर्मि मित्रहरु लगाएत सम्पुर्णमा हार्दिक अभिवादन तथा नमस्कार ब्यक्त गर्दछु ।

उपस्थित सम्पुर्ण महानुभावहरुमा वित्थडचिर गाउँपलिकाको पाँचौ वर्षे गाउसभामा हार्दिक स्वागत गर्दछौं । आगामि आर्थिक बर्ष २०७८।८९ का लागि यस सम्मानीत गाउसभामा निती, कार्यक्रम तथा बजेट प्रस्तुत गरिरहँदा राष्ट्र प्रति समर्पित भई राजनीतिक सामाजिक आर्थिक परिवर्तनका लागि भएका विभिन्न आन्दोलनहरुमा जीवन साहदत गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु नेपालको समग्र राजनीततिक परिवर्तनका क्रममा घाइते तथा बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान तथा स्मरण गर्न चाहन्छु। साथै राजनीतिक दलका अग्रजहरु, युवा, नागरिक समाज एवं परिवर्तनका सम्पूर्ण हिमायतीहरु प्रति विशेष सम्मान गर्दछु ।

कोभिड १९ को दोस्रो भेरियन्टको महाँमारिबाट संक्रमित भई स्वदेश तथा विदेशमा जीवन गुमाउनु हुने सम्पुर्ण नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दै सोकाकुल परिवार जनमा गहिरो सम्वेदना ब्यक्त गर्दछु साथै उपचारार्थको क्रममा रहेका सम्पुर्ण ब्यक्तिहरुको सिघ्र स्वास्थ्यलाभको कामना गर्दछु । यस महाँमारिको रोकथाम, नियन्त्रण र उपचारमा अहोरात्र खटिनु हुने सम्पुर्ण स्वास्थ्यकर्मि, सुरक्षाकर्मि, जनप्रतिजिधी, कर्मचारी लगायत सम्पुर्ण सहयोगी हातहरु र यस विषम परिस्थितीमा सहयोग गर्ने जनसमुदाय प्रति हार्दिक आभार ब्यक्त गर्दछु ।

**सभाध्यक्ष महोदय,**

संकटको यस घडीमा थिलथिलिएको अर्थतन्त्रको साक्षी बन्दै यस गाउँपीलकाको भाग्य र भविष्यसँग जोडिएको गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हामी माँझ अनेकौं चुनौतीहरु आइपरेको यथार्थ छ । जसरी अँध्यारो रातपछि उज्यालो विहान अवस्य आउँछ, त्यसैगरि हामी माझको

चुनौती पनि देश विकास एवं आत्मनिर्भरताको अभियानको एउटा ऐतिहासिक अवसरको रुपमा रहनेछ भन्ने मेरो विश्वास समेत व्यक्त गर्न चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

स्थानीय तहको निर्वाचन पश्चात स्थानीय सरकारको बागडोर सम्हालेको ४ वर्ष पूरा भई पाँचौं वर्षमा प्रवेश गरेको छ । संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त अनुदान एवं यस गाउँपालिकाको सिमित आयस्रोतका बावजुत हामीले निर्वाचनमा बाँडेका विकासका सपनाहरु पुरा हुँदै गएका छन् । आम नागरिकमा हामीले पुऱ्याएका सेवा एवं विकासका योजना तथा कार्यक्रमले दैनिकी फेरिदै गएको महसुस भएको छ । अल्मलिएको विकास प्रक्रियाले गति लिएको छ भने नागरिकका विकासप्रतिको चासो बढेको छ । हिजोका दिनमा हजारका योजनामा चित्त बुझाउने हामी आज करोडौका योजना आाफै संचालन गरिरहेका छौँ । यो सबै तपाइ हाम्रो विकासप्रतिको लगाव, परिवर्तनको प्रतिफल एवं नागरिकको चाहनाबाटै सम्भव भएको छ । यसका लागि योगदान गर्ने संघीय सरकार, प्रदेश सरकार, विकासका साझेदार संस्थाहरु, सम्पूर्ण राजनीतिक दलहरु एवं आम सर्वसाधारणहरुमा म हार्दिक धन्यवाद दिन चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

अन्तिम कार्यकालको आ.व.मा प्रवेश गरिरहँदा हामीले अझै थुप्रै विकासका प्रतिफल दिनुपर्नेछ । विगतका चार आर्थिक वर्षका सिकाई एवं अनुभवलाई गम्भीर रुपमा समिक्षा गर्दै आगामी दिनमा अझ गतिशील र दिगो विकास जनतालाई दिनु छ । यस सन्दर्भमा नै आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम केन्द्रित रहेको विश्वास यहाँहरुमाझ दिलाउन चाहन्छु । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघीय एवं प्रदेश सरकारको नीति तथा कार्यक्रम, संघीय एवं प्रदेश सरकारको आवधिक योजना, नेपाल सरकारको राष्ट्रिय/अन्तराष्ट्रिय जगतमा प्रतिवद्धता जनाएका विषयहरु, दिगो विकासको लक्ष्य, एवं आम बित्थडचिर गाउँपालिकाबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुले व्यक्त गर्नु भएको विकासका चाहना र आकांक्षाहरु नै यस नीति तथा कार्यक्रमका मार्गनिर्देशनहरु हुन् ।

**सभाध्यक्ष महोदय,**

पिछिडिएको हिमाली जिल्ला बझाङको प्रवेशद्वारमा रहेको यस गाउँपालिकाका जनताको आवश्यकतालाई सम्बोधन गर्न छिटो र प्रतिफलयुक्त विकासलाई प्रवर्द्धन गर्न र न्यून स्रोतबाट

अधिकतम क्षेत्र समेट्नु यस नीति तथा कार्यक्रमको मूख्य ध्येय रहेकोछ । कार्यान्वयन गर्न नसकिने प्रकृतिका विकासका योजना पेश गरी आम नागरिकमा भ्रम फैलाउनु र नीति तथा कार्यक्रमलाई विकासको मोटो कागजी दस्तावेज बनाउनु भन्दा कार्यान्वयन योग्य, संक्षिप्त कार्यक्रमको रुपमा अघि बढाउनु ठिक ठानी यो नीति तथा कार्यक्रम ल्याइएको अवगत गराउन चाहन्छु ।

प्रस्तुत बजेट, नीति तथा कार्यक्रम २०७२ सालमा जारी भएको नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन , पन्ध्रौं आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, राष्ट्रिय नीतिहरु, नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम, तथा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग तथा मार्गदर्शन एवं योजना तर्जुमाको क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सल्लाह, सुझावहरु र सिकाईहरुका आधारमा आगामि आ.व को लागि प्रस्तुत बजेट, नीति तथा कार्यक्रम तयार गरिएको छ । कोरोना भाइरस कोभिड १९ को दोश्रो लहरले सृजना गरेको भयावह परिस्थितिका कारण पर्न गएको यस पालिकामा पनि अधिक प्रभावका कारण उत्पन्न भएको जनस्वास्थ चुनौती, रोजगारीमा पर्न गएको असर तथा जनताको दैनिकीमा आएको असहज अवस्थालाई सम्वोधन गर्न समेत यस नीति, कार्यक्रम तथा बजेटले सहयोग पुग्ने विश्वास लिएकी छु । प्रस्तुत नीति कार्यक्रम र बजेट कार्यान्वयनबाट गाउँपालिकाले लक्षित गरेका उद्देश्यहरु हासिल गर्न सघाउ पुग्नुका साथै **समृद्ध नेपाल, सुखि नेपाली** को परिकल्पनामा समेत सहयोग पुग्ने विश्वास समेत लिएकी छु । गाँउपालिकाको सामान्य पृष्ठभूमि यस गाँउ सभामा प्रस्तुत गर्दछु ।

## १.१ पृष्ठभूमि

सुदुरपश्चिमको हिमाली क्षेत्रको धार्मीक पर्यटकिय दृष्टिले महत्वपुर्ण क्षेत्रको रुपमा परिचित साविकको स्याँडी गाविस अन्तर्गत पर्ने **"वित्थड क्षेत्र"** तथा सविक सुनकुडा गाविसको **"चिर क्षेत्र"** र देउलेखको चिराशैनी भगवतीलाई आधार मानी यस गाउँपलिकाको नाम वित्थडचिर गाउँपालिका राखिएको पाईन्छ ।

**अबस्थिति (सिमाना):**

बझाङ्ग जिल्लाकै प्रवेशद्धारको रुपमा रहेको यस गाउँपालिका, जिल्ला प्रवेश गर्ने जयपृथ्वी राजमार्ग २९ कि.मि. यस गाउँपालिका भएर जान्छ । ८०° ४४' ५६'' देखि ८०° ५२' ४७' सम्म पुर्वी देशान्तर र २९'' २६' २८'' देखि २९° ३४' २०'' उत्तरी अक्षांशमा रहेको ९ वटा बडाहरुमा विभाजन गरिएको

वित्थडचिर गाउँपालिका बझाङ्ग जिल्लाको दक्षिण पश्चिम क्ष्भेगमा अबस्थित छ । समुद्र सतहबाट २६५० फिट देखि ८०५० फिटको उचाईमा रहेको यस गाउँपालिकाको उत्तरमा बुङ्गल नगरपालिका, पुर्वमा केदास्यु गाउँपालिका, पश्चिममा बैतडी जिल्लाको पुर्चौडी नगरपालिका र दक्षिणमा बैतडी जिल्लाको सिगास गाउँपालिका रहेको छ।

**क्षेत्रफल**

साविकको स्याँडी, देउलेख र सुनकुडा गाविसहरु समावेश गरी वित्थडचिर गाउँपालिका बनेको हो । कुल नौ वटा वडामा विभाजित गरिएको यस गाउँपालिकाको कुल क्षेत्रफल ८६.१३ वर्ग कि.मि. रहेको छ । साविकको गाविसहरुलाई मिलाएर वनेको वित्थडचिर गाउँपालिकाको विवरण निम्न तालिममा देखाईएकोछ ।

**हावापानी**

यस गाउँपालिकाको हावापानी उष्ण प्रदेशिय देखि लिएर शम्शितोष्ण प्रदेशिय हावापानी भित्र पर्दछ । हिँउदको समयमा ०$^{\circ}$ देखि १८$^{\circ}$ से. सम्म रहन्छ भने गृष्म ऋतुमा अधिकतम तापक्रम ३०$^{\circ}$ से. सम्मर रहन्छ । हिँउदमा यहाँका फाँट, डाँडापाखाहरु सबै हिउँले सेताम्मे हुन्छन् ।

**भौगोलिक स्वरुप**

गुगल नक्सा समेतबाट हेर्दा भौगोलिक रुपमा वित्थडचिर गाउँपालिकाको अधिकांश भाग भिरालो अबस्थामा रहेको छ । यस गाउँपालिकाको भिरालो र धैरै जसो कडा चट्टान र वनजंगलले घेरेकोछ । कुनै ठाउँमा चिम्ट्याईलो, पाँङ्गो माटोका साथै धरै जसो कंकटयुक्त माटो पाईन्छ । त्यसैले माटोको उर्वराशक्तिमा पनि विविधता पाईन्छ ।

समुन्द्र सतहबाट २ हजार ६ सय ५० देखि ८ हजार ५० फिट उचाईमा रहेको पहाडको उकाली ओरालीहरमा अबस्थित यस गाउँपालिकामा खेति योग्य क्षेत्र कमै रहेको देखिन्छ । यस गाउँपालिकाको अधिकांश भाग वनजंगलले ओगटेकोछ यसरी चित्रमा हेर्दा जलाधार क्षेत्रको अबस्था अत्यन्तै राम्रो भएको हुँदा पानीको उपलब्धता प्रशस्त मात्रामा हुने र सिचाईको पनि राम्रो सम्भावना रहेको देखिन्छ जसले गर्दा कृषिको क्षत्रमा बढि सम्भावना देखिन्छ ।

## १.२ चालु आ.ब.को नीति तथा कार्यक्रमको समीक्षा

**सभाध्यक्ष महोदय,**

यस सम्मानित सभामा अब म चालु आ.ब. २०७७/ ०७८ को  नीति तथा कार्यक्रमको  ५ वटा क्षेत्रको नीति तथा कार्यक्रम सम्बन्धि सारमा समीक्षा प्रस्तुत गर्न चाहान्छु ।

अव म आगामी आ.व को वजेट तथा कार्यक्रम प्रस्तुत गर्नु अघि चालु आर्थिक वर्षको संक्षीप्त समीक्षा प्रस्तुत गर्न चाहन्छु । चालु आ.व. २०७७/०७८ मा यस गाउँपालिकामा विभिन्न शिर्षकमा र गत विगतको शेष मौज्दात गरी कुल **एकाउन्न करोड नौ लाख उनानब्बे हजार आठ सय छयाहत्तर** आम्दानी जम्मा भएकोमा विभिन्न शिर्षकमा चालु तथा पुजिगत खर्च गरि कुल **तीस करोड तेत्तीस लाख एघार हजार चार सय चौपन्न रुपया बैसट्ठी पैसा**.खर्च भई रु **वीस करोड छयाहत्तर लाख अठहत्तर हजार चार सय एक्काईस रुपयाँ उनन्चालीस पैसा** मौज्दात रहन गएको छ आन्तरिक आम्दानी तर्फ ६० लाख अनुमान गरिएकोमा हाल सम्म रु.२० लाख राजस्व सम्म संकलन भएकोले राजस्व संकलन अनुमान गरे भन्दा न्युन संकलन भएको देखिन्छ जसलाई आगामी आ.व.मा सुधार गर्नु पर्ने देखिन्छ ।

**क) आर्थिक क्षेत्र**

आर्थिक क्षेत्र अन्तरर्गत चालु आ.व. २०७७/७८ मा कृषि तथा पशु विकास सम्बन्धि कार्यक्रमहरुकमा हिँउदे र वर्खे तरकारीको बीउ बिजन बितरण, ओखर, स्याउ, नासपाती जस्ता हिँउदे फलफुलका बोटहरु बितरण कार्य सम्पन्न भएको छ । पशु सेवा अन्तर्गत पशु चौपायाहरुको लागि बिभिन्न प्रकारका औषधि उपचारका कार्यहरु भएका छन । गरिबी निवारणका लागि लघु उद्यम विकास (मेड्पा) कार्यक्रम अन्तर्गत ८० जना लघु उद्यमी सृजना गर्ने कार्य सम्पन्न भएको छ । यस गाउँपालिका भित्र नियमानुसार दर्ता रहेका ७ वटा सहकारी संस्थाहरु मध्ये केहि सहकारी मात्र संचालनमा रहेका, गाउँपालिकाबाट प्रस्तावना तयार गरी कार्यक्रम सञ्चालन गर्न लिएको अनुदान रकम गरिवी निवारण गर्न र रोजगारी सृजना गर्न ठोस कार्य नगरेको तथा महालेखा परीक्षकको प्रतिवेदनमा समेत नाफामूलक संस्थालाई अनुदान दिन नमिल्ने भनि औल्याइएको हुँदा  तिनीहरुको नियमित अनुगमन नभएर सहकारी ऐन र नियमावली अनुरुप संचालन भए नभएको बारेमा स्पष्ट हुन नसकेको स्थिति छ । आगामी आ.व. मा सहकारीको अनुगमन, निरीक्षण र प्रतिवेदनको कार्य अगाडी बढाउनु पर्ने छ । यस

पालिकामा रहेको एक मात्र बैंक नबिल बैंक ले सेवा प्रवाह र ऋण प्रबाह गरी रहेकोले बित्थडचिर बासीलाई बित्तिय क्षेत्रको पहुँचमा पुग्न सजिलो बनाएको छ ।

### ख) सामाजिक क्षेत्र

चालु आ.व.मा सामाजिक क्षेत्र अन्तर्गत स्वास्थ्य तर्फ आधारभूत स्वास्थ्य केन्द्रहरु सञ्चालन, करार कर्मचारी ब्यवस्थापन, औषधि खरिद, कोरोना नियन्त्रण जस्ता कार्यहरु सम्पन्न भएका छन । शिक्षा तर्फ निजि स्रोत शिक्षक तलब भत्ता, बिद्यालय सञ्चालन, पाठ्यपुस्तक खरिद लगायतका कार्यहरु भएका छन । कोरोना महाँमारीमा क्वारेन्टाइनका रुपमा प्रयोग भएका बिद्यालयहरुलाई निर्मलीकरण, रंगरोगन, सरसफाइ र मर्मत सम्भार गर्ने कार्य समेत भएको छ । खानेपानी तथा सरसफाइ अन्तर्गत बित्थडचिर गाउँपालिका/ग्रामिण जलस्रोत ब्यवस्थापन परियोजना (RVWRMP) मार्फत खानेपानी ट्यांकी लगायत एक घर एक धाराका साथसाथै ६२४ घरधुरीमा सुधारिएको मातृभूमि चुल्हो निर्माण कार्य सम्पन्न भै सकेको छ भने UNICEF को पहलमा बिभिन्न बिद्यालय, गाउँटोलमा खानेपानी तथा सरसफाइको लागि संरचना निर्माण, पानी शुद्धिकरण, COVID-19 नियन्त्रण र रोकथाममा बिभिन्न सरसफाइ सामाग्री, कम्बल, त्रिपाल, पि फम उपलब्ध गराएर गाउँपालिकालाई अतुलनिय योगदान गरेको छ । साझेदारी संघियता सहयोग कार्यक्रमको सहयोगमा साहारा नेपाल र दलित संजाल समिति मार्फत कोभिड १९ रोकथाम तथा न्युनिकरणका लागि विभिन्न जनचेतनामुलक कार्यक्रम संचालन गरी वित्थडचिर बासिलाई सहयोग गरेको छ । ज्येष्ठ नागरिकहरुलाइ सम्मान गर्दै कम्बल बितरण, नेपाल सरकारको नीतिनियम अनुसार सामाजिक सुरक्षा भत्ता बितरण, महिला हिंसा बिरुद्ध १६ दिने अभियान, महिला दिवस बिबिध कार्यक्रम सहित आयोजना, वालबिबाह न्यूनिकरणका लागि बिद्यालय स्तरीय कार्यक्रम, किशोरी तथा सरोकारवाला बिच अन्तरक्रिया कार्यक्रम, एकल महिला आय आर्जन कार्यक्रम, सुत्केरी आमा सँग उपाध्यक्ष पोषण कार्यक्रम तथा ग र घ बर्गका अपाङ्गता भएका ब्यक्तिहरुलाई भत्ता बितरण कार्यक्रमहरु सम्पन्न भै सकेका छन । अपांग र टुहुरा वालबालिकालाई सहयोग गरिएको छ ।

### ग) पूर्वाधार क्षेत्र

चालु आ.व. २०७७/७८ मा भौतिक पूर्वाधार क्षेत्र तर्फ गाउँपालिका भवन, वडा कार्यालय भवनहरु निर्माणको चरणमा रहेका छन् । ग्रामिण सडकहरु, साना सिचाइ कुलोहरु, बिद्यालय भवन, खानेपानी

योजनाहरु लगायत बिभिन्न निर्माण कार्यहरु धेरै जसो सम्पन्न भै सकेको र केहि योजनाहरु निर्माण कार्यको अन्तिम चरणमा रहेका छन् । गाउँपालिकाका केही गौरभका योजनाहरु क्रमागत रुपमा निर्माणको क्रममा रहेका छन् ।

**घ) वन, वातावरण तथा बिपद् ब्यवस्थापन**

चालु आ.व. २०७७/७८ मा वन, वाताबरण तथा बिपद् ब्यवस्थापन क्षेत्र तर्फ सबैभन्दा ठुलो चुनौका रुपमा आएको कोभिड १९ महाँमारीको संक्रमणलाई न्युनिकरण गरी आम नागरिकहलाई राहत, जनचेतना र अबश्यक सहयोग गर्नमा महत्वपुर्ण भुमिका रहेको छ ।

**ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

संस्थागत विकास, सुशासन सार्वजनिक सेवा प्रवाहका लागि अपरिहार्य तत्व हुन । बित्थडचिर गाउँपालिकाले गाउँकार्यपालिका तथा वडा कार्यालयहरुको नियमित सञ्चालनका लागि मसलन्द सामाग्री, फर्निचर तथा फिक्चर्स, कम्प्युटर तथा प्रिन्टर्स खरिद गरिएको छ । गाउँपालिकामा इन्टरनेट जडान गर्ने कार्य भएको छ । गाउँपालिकाको सुरक्षा ब्यवस्था मजबुत, चुस्त दुरुस्त राख्न देउलेखमा अस्थायी प्रहरी पोष्ट राख्ने कार्य भएको छ जसको लागि घरभाडा, अन्य आवश्यक सामाग्रीहरु गाउँपालिकाबाट ब्यवस्थापन गर्ने कार्य भएको छ । आफ्नै प्रशासनिक भवन नभएका वडाहरुका वडा कार्यालय भवन निर्माणको क्रममा रहेका छन ।

## खण्ड २

## आगामी बर्ष २०७८/ ०७९ को नीति तथा कार्यक्रम

**सभाध्यक्ष महोदय,**

बित्थडचीर गाँउ पालिकाको आगामी बर्ष २०७८/ ०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**२.१ सोच लक्ष्य ,उद्घेश्य र अपेक्षित उपलब्धी**

**सोचः**

**“शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पशुपालन, रोजगार, लघु उद्योग, दिगो आर्थिक बिकास र भौतिक पूर्वाधार**

**सुखि नागरिक आर्थिक तथा सामाजिक बिकास सहित समृद्ध  बित्थडचीर गाँउपालिका को मूल आधार "**

**लक्ष्य**

***"अति बिपन्न, गरिब, पिछडा वर्ग, दलित, जोखिममा रहेका, आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका नागरिकलाई रोजगारी"***

**"सुखी र सम्बृद्ध  गाँउपालिकाका लागि  सम्पूर्ण जनताको  हातेमालो सहित साझेदारी"**

**उदेश्य:**

१.गाँउपालिकाका अति गरिव तथा जोखिमा (कारोना भाइरस बाट प्रभाबित)  रहेका समुदायहरुलाई स्थानिय स्वरोजगारको बाताबरण सुर्जना गरी आत्मनिर्भर बनाउने ।

२. हिंसा पिडत तथा  बिपन्न महिलाहरुलाहरुलाई शसक्तकरण गरी मागको आधारमा सीपमूलक तालिमहरु संचालन गरी दैनिक जीवन स्तरमा विकास गर्ने ।

३.स्वास्थ्य क्षेत्रमा टेलिमेडिसिन सेवा सहितको आबश्यक थप उपकरण सहित प्रत्येक नागरिकहरुलाई सर्वसुलभ तथा निःशुल्क स्वास्थ्य सेवाको पहुँचमा अभिबृद्धि गर्ने ।

४.स्थानीय श्रोत साधन सीप तथा प्रबिधिको भरपूर उपयोग गरी जनसहभागितामा जोड दिने ।

५.गाँउपालिकाका गौरवका योजनाहरुलाई निरन्तरता दिने ।

६. गाँउपालिकाको राजस्व सुधार योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरी आयका श्रोतहरुको पहिचान र स्थानिय राजस्वलाई  परिचालन गरी  आन्तरीक आयमा बृद्धी गर्ने ।

७. सार्बजनिक सेवा प्रभावलाई जबाफदेही , पारर्दशी, छिटो छरीतो चुस्त दूरुस्त र प्रभावकारी बनाई आम नागरिकहरुलाई  सेवा सन्तुष्टिको अनुभूतिको आभास गराउने ।

८.स्थानीय मेलमिलाप कर्ताहरुको क्षमता बिकास  गरी सरल तथा सहज रुपमा टोल र बस्तीमा न्याय तथा मेलमिलापको अनुभुति गराउने साथै पालिकामा स्थानीय मेलमिलाप केन्द्र स्थापना गर्ने ।

९.कृषी गैर कृषी , लघु उद्यम विकास र पशुपालनको क्षेत्रमा  स्थानीय उत्पादनलाई जोड दिएर बजारको सम्भाब्यता अध्ययन गरी स्थानिय विकासमा प्रभावकारी भुमिका निर्वाह गर्ने

१० कोरोना भाइरसको दोस्रो लहरलाई, नियन्त्रण गर्न, सरसफाई, उपकरण, औषधि तथा अन्य अति आबश्यक बस्तुहरुको ब्यबस्थापन गरी नागरिकहरुको जीवनलाई सुरक्षित बनाउने ।

११.गाँउपालिकाको समग्र बिकासका लागि सहकारी नीति, दातृ निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरु र निजि क्षेत्र संग समन्वय तथा सहकार्य गरी उत्पादनको लगानीमा सुनिश्चितता गर्ने ।

१२. पालिकाको शिक्षा क्षेत्रलाई प्रविधीमैत्री बनाई विद्यार्थीहरुको सिकाईलाई प्रभावकारी बनाउने

१३. स्थानिय निकायबाट प्रवाह गरिने सेवामा सुधार ल्याई पालिकाको निर्णय प्रक्रियामा नागरिक संलग्नतामा बृद्धि गर्ने ।

१४. महिला बालबालिका, जेष्ठ नागरिक, अति विपन्न नगरिक, दलित, अपांग, एकल महिला र अन्य पछाडी परेका ब्यक्ति समुदाय र बर्गको पहिचान गरि विभिन्न लक्षित कार्यक्रमको माध्यमबाट दैनिक जीवन निर्वाहमा टेवा पुऱ्याउने ।

१५.समाजमा शान्ती र सुब्यबस्था कायम गर्न नागरिकको परिचालन गर्ने ।

१६.विपदको जोखिमलाई मापन गरि स्थानिय नीति अनुसार प्रभावित परिवारलाई स्थापित गर्ने

१७. भौतिक पुर्वाधारको दिगो ब्यबस्थापन र निर्माणमा जोड दिँदै स्थानिय नागरिकको आबश्यकतालाई परिपुर्ण गर्ने ।

१८.स्थानिय प्राकृतिक वातावरण बनजंगल, नदि, खानी र खोलानाला आदिको सुरक्षा र स्तरोन्नतीमा जोड दिदै प्राकृतिक स्रोतको बचाउ गर्ने ।

१९. स्थानिय स्तरका विभिन्न संघ संस्थाहरुको परिचालनमा जोड दिई स्थानिय टोल, बस्तिको क्षमता विकास गराई सामाजिक विकासमा निरन्तरता दिने ।

**अपेक्षित उपलब्धी**

## २.२ बार्षिक नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा अबलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु

### २.२.१ समग्र नीति

१. कृषि वीमा कार्यान्वयनमा जोड दिइने छ साथै पालिका क्षेत्र भित्र कालोवजारी, एकाधिकार, कृतिम अभाव सृजना गर्ने व्यवसायीलाई कार्वाही गर्न संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी अघि बढिने छ साथै बजार अनुगमनको कार्यलाई तिव्रताका साथ लागु गरिने छ ।

२.पशु स्वास्थ्य सेवामा विस्तार, नस्ल सुधार, पशु आहारमा सुधार र पशु स्वास्थ्य सेवाको लागि पशुपालन पकेट क्षेत्रको रुपमा विकास गरी माछा, मासु, दुग्ध र अण्डा उत्पादनमा पालिकालाई आत्म निर्भर बनाउनुका साथै बजारिकरणका लागि विशेष पहलका साथ कृषि ब्यबसायीहरुलाई उत्प्रेरित गर्न प्रोत्साहन स्वरुप आर्थि अनुदानको ब्यबस्था गरिनेछ ।

३. पालिका भित्रका प्रत्येक समुदायमा एक गाउँ एक उद्यमको योजना बनाई ब्यबस्थापन गरिनेछ ।

४. पालिका भित्र पर्यटकीय गतिविधि बढाउन सार्वजनिक, नीजि साझेदारीमा वातावरणमा प्रतिकुल असर नपर्ने गरि प्राकृतिक सौन्दर्यता र स्वच्छता कायम राख्दै पर्यटकीय क्षेत्रहरू धार्मिक स्थल, गुफा, फाँटहरु, झरना, ताल तलैयाहरुमा होटल, लज, रिसोर्ट, मनोरञ्जन स्थल, होमस्टे आदिको संरक्षण संबर्द्धन र नियमअनुसार संचालन गर्न प्रोत्साहन गरिनेछ ।

५.सहकारीमा आवद्ध विपन्न महिला, सीमान्तकृत गरिव समुदाय, फरक क्षमता भएका, भूमिहिन तथा पिछडिएको समुदाय र श्रमिकहरूलाइ एकल तथा सामुहिक रूपमा स्वरोजगारमूलक उद्योग व्यवसाय संचालन गर्न क्षमता विकासका लागि विभिन्न तालिम प्रदायक संघ, संस्थाहरूसँग सहकार्य गरि आवश्यकपर्ने व्यवसायिक तथा सीपमूलक तालिम प्रदान गरिनेछ ।

६. बालबलिकाको लागि स्थानिय आबश्यकता, बस्तुस्थिति, साँस्कृतिक, भाषिक, धार्मिक अबस्था अनुसार स्थानिय पाठ्यक्रम निर्माण गरी सोहि अनुसार पठनपाठन गर्न र स्थानिय ज्ञान, सिप, प्रविधिको प्रबर्द्धन गर्न आबश्यक पाठ्य पुस्तक तथा सन्दर्भ सामाग्रीको व्यबस्था मिलाइनेछ ।

७. गुणस्तरिय स्वास्थ्य सेवामा सबै नागरिकहरुको सहज पहुँचका लागि प्रा. स्वा.केन्द्र प्रभावकारी रुपमा सेवा उपलब्ध गराउने एवं सवै वडा तहमा आधारभुत स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलब्ध गराईनेछ ।साथै देउलेख प्रा.स्वा. केन्द्रलाई १५ सैयाको अस्पताल छिटो संचालनमा ल्याईनेछ ।

८.जल उपयोग गुरुयोजना निर्माण गरि गाउँपालिकाका प्रत्येक बस्तिहरुमा खानेपानीको अबस्था विश्लेषण गरि आबश्यक स्थानमा स्वच्छ खानेपानीको आपुर्ति गरिने छ ।

९. देउडा, गौरापर्व, धार्मिक मेला, साँस्कृतिक संग्रहालय, नृत्य कला, परम्परागत गहना तथा पोशाक, भारीखेल, ठाडोखेल, छलिया आदि ऐतिहाँसिक साँस्कृतिक रिति रिवाजको प्बर्द्धनका लागि पालिकाको धार्मिक तथा साँस्कृतिक प्रोफाईल निर्माण गरिनेछ ।

१०. पालिका भित्र खेलका पुर्वाधार विकास र स्तरिय खेलकुदका कार्यक्रमलाई निरन्तरता दिई खेलकुदमैत्री वित्थडचिरको रुपमा विकास गरिनेछ । यसका साथै खेलकुद तथा सृजनात्मक कार्यकलाप मार्फत युवा तथा वालवालिकाहरुलाई अनुशासित, स्वस्थ, तन्दुरुस्त, चरित्रवान र सृजनशिल बन्दै धुम्रपान, लागुपदार्थ र दुर्व्यसनबाट टाढा रहन उत्प्रेरित गरिनेछ ।

११. पाालिकाको लैंगिक समानता र सामाजिक समाबेशीकरणको नीतिलाई पुर्ण रुपमा कार्यान्वयन गरिदै लगिने छ । आर्थिक, सामाजिक रुपमा पछाडी परेका वा पारिएका महिला एकल महिला, बालबालिका, किशोर किशोरी, दलित अपांग सिमान्तकृत जनजाति,अल्पसंख्यक तथा फरक क्षमता भएका ब्यक्तिहरुको बहुआयामिक शसक्तिकरणमा जोड दिई आर्थिक र सामाजिक रुपले शसक्त बनाउदै लगिनेछ ।

१२. यस पालिका क्षेत्र भित्र लैगिक हिँसा लागु औषध, बालबिबाह, बाल दुर्व्यबहार, बालश्रम, विभिन्न किसिमका कुरिती र कुसंस्कार जस्तैः छाउपडी, बोक्सी, दाईजो र जारी प्रथा जस्ता सामाजिक बिकृति र कुरिति विरुद्धमा सचेतना, जागरण अभियान र तालिम संचालन गरिनेछ । सो कुरिति र कुप्रथालाई निमुल गर्न कानुन तयार गरि यथासिघ्र संचालनमा ल्याईनेछ ।

१३. गाउँपालिका भित्र रहेका सडकहरुको बर्गीकरण गरी आबश्यक स्तरोन्नती गर्न सडक क्षेत्र भित्र वस्ति, घर तथा पुर्वाधारहरु निश्चित मापदण्ड तयार पारि सो को आधारमा निर्माण गरिनेछन् ।

१४. सिंचाइ योग्य भुमिमा सिचाइको लागि आबश्यक संरचनाहरु जस्तैः सिचाइ पोखरी, सिचाइ कुलो तथा क्यानल निर्माण कार्यमा प्राथमिकता दिईनेछ ।

१५. खरका छाना भएका आवाशहरुलाई पुर्ण रुपमा विस्थापित गर्न सुरक्षित आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१६. राष्टिय प्रशारण लाईनलाई बाकि रहेका सबै बस्तिहरुमा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१७.पालिका अन्तर्गतका हैसियत विग्रेका वन क्षेत्र, नदि किनार वा सार्वजनिक क्षेत्र बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गरी चक्लाबन्दीमा जोड दिने ।

१८ गाँउपालिकाको सस्थागत स्वमूल्याकंनको नतिजाको आधारमा राम्रा अभ्यसहरुलाई निरन्तरता दिदै  सुधार गर्नुपर्ने क्षेत्रहरु पहिचान गरि क्षमता विकास योजना तयार गरिनेछ र त्यसको कार्यान्वयमा तिव्रता ल्याइनेछ ।

१९. गाँउपालिकामा रहेका सवै टोलहरु समाबेश गरेर टोल विकास संस्था गठन गरी योजनाा तर्जुमा, उपभोक्ता समिती गठन, सार्वजनिक परिक्षण तथा अनुगमन कार्यमा परिचालन गरिनेछ , साथै टोल वस्तिमा समाजिक सहिष्णुता कायम गर्न एव सामजिक कुरितिहरुको उल्मुलन गर्न परिचालन गरिने छ ।

२०. न्याय सम्पादनलाई वैज्ञानिक र प्रभावकारी वनाई सवै समुदायको पहुच वढाई समुदायमा शान्तिपुर्ण  वातावरण सृजना गर्न न्यायिक समितीको क्षमता अभिवृद्धि गरिने छ । साथै न्यायिक समितीको कार्यमा चुस्तता लाउन सवै वडामा सामुदायिक मेलमिलाप केन्द्र गठन गरी सबै वडामा सामुदायिक मेलमिलापको माध्यमबाट विवाद समाधानमा जोड दिईनेछ ।

२१. सुचनाको आधारमा योजना तर्जुमा गर्ने पद्धतिको विकास गरिने छ जसका लागि गाउँपालिकाको  बिद्युतिय पाश्व चित्र (Digital profile) निर्माण गरि सवैको पहुचका लागि गाँउपालिको वेवसाइटमा राखिने छ ।

२२. महाँलेखा परिक्षकको कार्यालयले औल्याएका बेरुजुहरु समयमै फर्च्यौट गर्न तदारुकताका साथ कार्य गरिनेछ र पालिकालाई बेरुजु शुन्य पालिका बनाउने नीति अबलम्बन गरिनेछ ।

२३ यस पालिका भित्रका सम्पुर्ण नागरिकहरुलाई कोरोना विरुद्धको खोपका लागि प्रदेश सरकार र संघिय सरकार संग विशेष पहल गरिनेछ ।

**आधारहरु**

क) नेपालको संबिधान

ख) स्थानीय सरकार संचालन ऐन ,२०७४

ग) राष्ट्रिय प्रकृतिक स्रोत बित्त आयोग ऐन

घ) अन्तर सरकारी बित्त ब्यबस्थापन ऐन, २०७४

ङ) नेपाल सरकार र सुदरपश्चिम सरकारले जारी गरेका नीति ,कानुन तथा मापदण्डहरु

च) स्थानीय तहको  बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन ,२०७४ परिमार्जित

छ) नेपाल सरकारको १५औं योजना ।

ज) स्थानिय स्रोत साधन

झ) बिकास अन्तर सम्बन्धित बिषयहरु

ञ) नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जत दायित्वहरु र नेपाल सरकार तथा सुदुरपश्चिम सरकराले अबलम्बन गरेका अन्य आर्थिक नीतिहरु ।

**बर्षिक योजना तथा बजेटका प्राथमिकताहरु**

क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने ।

ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।

जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने

ग) स्थानीय सहभागिता जुट्ने, स्वयम्सेवक परिचालन गर्न सकिने तथा लागत कम लाग्ने

घ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने

ङ) महिला, बालवालिका तथा पिछडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने

च) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,

छ) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्दन गर्न सघाउ पुऱ्याउने,

ज) भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवेद्धिमा सघाउ पुऱ्याउने,

झ) स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु

**२.२.२ क्षेत्रगत नीती तथा आधारहरु**

**सभाध्यक्ष महोदय,**

यस सभामा क्षेत्रगत नीति अर्न्तगत आर्थिक बिकास अन्तर्गत बिषयगत नीतिहरु प्रस्तुत गर्दछु ।

**क. आर्थिक विकास**

**अ) कृषि:**

१. उपलब्ध स्थानीय स्रोत, श्रम, सीप र पूँजीको सामुहिकरुपमा परिचालनको माध्यमबाट उत्पादकत्ववृद्धि गरी पालिका क्षेत्रको दीगो र समतामुलक आर्थिक विकास गरिनेछ ।

२. जैविक खेतीलाई प्रोत्साहन गरि मुख्य खाध्यन्न बाली जस्तैः धान, गहुँ र मकैको उन्नतजातका विउँहरु वितरण गरि कृषि उत्पादन र उत्पादकत्वलाई बढाउदै कृषि पेशालाई सम्मानित, प्रतिस्पर्धि र व्यवशायिक बनाइने छ ।

३. कृषि वीमा कार्यान्वयनमा जोड दिइने छ साथै पालिका क्षेत्र भित्र कालोवजारी, एकाधिकार, कृतिम अभाव सृजना गर्ने व्यवसायीलाई कार्वाही गर्न संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी अघि बढिने छ साथै बजार अनुगमनको कार्यलाई तिव्रताका साथ लागु गरिने छ ।

४. पालिकाको छुट्टै पहिचानका लागि एक वडा एक पकेट क्षेत्रको अबधारणा लाई निरन्तरता दिईनेछ । साथै आलु ब्लकलाई प्राथमिकता दिइनेछ ।

५. सबै वडा को स्थान विषेशका आधारमा खेतियोग्य जमिनको माटो परिक्षण कार्यमा निरन्तरता दिई कृषि तथा फलफुल ब्यबसायमा प्रबर्द्धन गरिनेछ ।

६. कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन मौसमि तथा बेमौसमि तरकारी उत्पादनमा जोड दिई साना तथा सहकारी सिचाईमा जोड दिइनेछ ।

७. ब्यबसायिक कृषक तथा फार्मको स्तरेन्नतीको लागि आबश्यक कृषि औजारहरु र टनेलहरु वितरण गरिने छ ।

८.सामुहिक ब्यबसायिक खेति गर्ने कृषक समुहलाई ब्यबसायिक कर छुट दिई कृषिजन्य उतपादनमा बृद्धि गर्न प्रोत्साहन गरिनेछ ।

९. लोपहुन लागेका रैथाने वाली उत्पादनमा जोड दिइने छ ।

१०.कृषि बालीमा लाग्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि किशानहरुलाई विषादि वितरण गरिनेछ ।

११.कृषकहरुलाई जिल्ला भित्र वा बाहिर गरि सिकाईको अबधारणा ल्याइनेछ ।

१२. च्याउ खेती, मौरीपालन र फलफुल जस्तैः ओखर, किवी, कागती, स्याउ, सुन्तला, मौसमी, अमिलो, नास्पाती र केरा खेतिलाई विशेष रुपमा प्राथमिकता दिईनेछ ।

१३. उत्कृष्ट कृषक छनौट गरि प्रतिस्पर्धाको आधारमा सम्मान गरिनेछ ।

१४. कृषि ब्यबसायीलाई उत्पादनमा बृद्धी गरी वजारीकरणको लागि ब्यबस्थापन गरिनेछ ।

१५.विश्वब्यापि रुपमा फैलिएको कोरोना महाँमारिका कारण उत्पन्न संकटबाट बच्न र बचाउन स्वरोजगारको वाताबरण सृजना गर्न कृषि पेशालाई ब्यबसायिक बनाउदै प्रोत्साहन स्वरुप आर्थिक अनुदान उपलब्ध गरिनेछ ।

१६. भकारो सुधार कार्यक्रमलाई थप निरन्तरता दिईनेछ ।

१७. बाँझो रहेको जमिनलाई कृषि कार्यमा उपयोग गर्न तथा टुक्रिएको जमिनलाई चाक्लाबन्दी गरी ब्यबसायिक कृषि कार्यमा प्रयोग गर्दै खाध्यन्न संकटलाई ध्यनमा राखि तत्काल उत्पादन हुने उन्नत नगदेवाली खेती गर्नका लागि चाहिने पुर्वाधार विउ, विजन, मलखाद, सिचाई कुलो, कुवा पोखरी आदिको ब्यबस्था मिलाईनेछ ।

१८.खाध्य सुरक्षा तथा खाध्य सम्प्रभुता ब्यबस्थित गर्न बजार अनुगमन तथा ब्यबस्थापन समिति गठन गरी खाध्य सुरक्षा प्रतिकार्य योजना कार्यान्वयन गरिनेछ ।

१९.जलवायु पविर्तनबाट कृषि क्षेत्रमा पर्ने प्रभाव सम्बन्धी अध्ययन तथा अनुसन्धानमा जोड दिइनेछ ।

२०. कृषि क्षेत्रलाई थप प्रभावकारी बनाउन आबश्यक प्राविधिक जनशक्तिको ब्यबस्थापन र परिचालन गरिनेछ ।

**आ) पशु**

१. पशु स्वास्थ्य सेवामा विस्तार, नस्ल सुधार, पशु आहारमा सुधार र पशु स्वास्थ्य सेवाको लागि पशुपालन पकेट क्षेत्रको रुपमा विकास गरी माछा, मासु, दुग्ध र अण्डा उतपादनमा पालिकालाई आत्म निर्भर बनाउनुका साथै बजारिकरणका लागि विशेष पहल गरिनेछ

२. पशु सेवा विस्तारकालागि प्रत्यक वडामा पशु पंक्षीमा नियमित खोप तथा स्वास्थ्य शिविर संचालन गरिनेछन् ।

३. सरकारी तथा गैरसरकारी संघ संस्था मार्फत पशु पालन सम्बन्धी कृषकहरुलाई तालिम तथा औजार उपकरणको ब्यबस्थापन र पशुपंक्षी फार्महरुलाई प्ोत्साहित पार्न अनुदान कार्यक्रमको ब्यबस्थापन गरिनेछ ।

४. पशु स्वास्थ्य सुधारकालागि कृषकहरुलाई जनचेतनामुलक कार्यक्रम संचालन गरि अनिवार्य रुपमा पशु पंछीको विमा गर्न प्रोत्साहन गरिनेछ ।

५.स्थानिय लोपोन्मुख जातका पशुपंछिहरुको संरक्षण गर्दै स्थानिय जातका गाई भैसीहरुमा उत्पादन क्षमता बृद्धी गर्न कृतिम गर्वाधान सेवा विशेष रुपमा अगाडी बढाईनेछ।

६.पशुपंछीको बृद्धी तथा उत्पादन बढाउन विशेषगरि सुधारिएका गोठ र खोर निर्माण कार्यका लागि विशेष अनुदानको ब्यबस्था गरिनेछ।

७.हालको **COVID-19** लाई मध्यनजर गर्दै पशुपंछीबाट मानिसमा सर्न सम्ने विभिन्न खतराजन्य रोगहरुका बारेमा सचेतना बृद्धी गराई रोकथामका लागि सरोकारवालाहरु संग समन्वय गरी विशेष पहल गरिनेछ।

८.पशु पालनको क्षेत्रमा संलग्न विभिन्न ब्यबसायी तथा फार्महरुको स्वलगानी समेत रहने गरी दुग्ध उत्पादन, दुग्ध जन्य पदार्थ उत्पादनका लागि डेरी पसलको स्थापन, माशु उत्पादन र स्वच्छ मासु पसलहरुको अनुदनमा निरन्तरता दिईनेछ।

९.पशुपालनको क्षेत्रमा कृषकले अपनाउनु पर्ने विभिन्न सतर्कतालाई मध्यनजर गरी पशुजन्य पदार्थको उत्पादन तथा सरसफाई सम्बन्धी सचेतना कार्यक्रम संचालनकालागि प्रत्येक वडाहरुमा स्कुल प्रशार शिक्षा संचालन गरिनेछ।

१०.पशुपालनका क्षेत्रमा कृषकहरुले आफुले संचालन गरिएका विभिन्न ब्यबसाय / फार्महरुलाई सहज रुपमा औषधी उपचार तथा सेवा प्रवाहका लागि सडक नजिकका बजारमा कृषि तथा पशुपंक्षी एग्रोभेट स्थापना गर्न थप विशेषे पहल गरिनेछ।

११. विशेष गरी पोषणको क्षेत्रमा सुधार गर्न सुनौला १००० दिनका आमा सुमुहहरु अण्डा उत्पालनका लागि कुखुराका चल्ला वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१२.पालिका क्षेत्र भित्र रहेका एकल महिला अपांग तथा साहारा विहिन  बर्गहरुका लागि कुखुरा, वाखा, बंगुर, खरायो वितरण गरिनेछ।

**इ) उद्योग तथा वाणिज्य**

१. मदिरा ब्यबस्थापन गर्न निश्चित ठाउँमा मात्र विक्रि वितरण गर्ने ब्यबस्था मिलाइनेछ। यसलाई प्रभावकारि बनाउन नागरिक समाज, उद्योग बाणिज्य संघ प्रहरी प्रशासन बुद्धिजिवी समाजसेवी सबैको सहयोग लिई कार्यक्रम संचालन गर्ने

२. वडा नं. ४ तथा अन्य स्थानमा मा रहेका ढुंगा, गिट्टी बालुवा तथा स्लेट खानीको ब्यबस्थापन तथा संरक्षण गरि उत्पादन, परिचालन र प्रयोजन गरिने छ ।

३. पालिका भित्रका प्रत्येक समुदायमा एक गाउँ एक उद्यमको योजना बनाई ब्यबस्थापन गरिनेछ ।

४.मेड्पा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न निरन्तरता दिईनेछ ।

५. पालिकाका प्रत्यक वडाहरुको अध्ययन गरी लघुउद्यम रणनीती तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

**ई) पर्यटन**

१. गाउँपालिका भित्र रहेका धार्मिक पर्यटकिय क्षेत्र चिरासैनी भगवती, कालीका भगवती, केदार , सिगास, भुमिराज, कैलपाल, डाँडाबाग, मष्टा, मनसयी, निमोन, जगन्नाथ, कैलपाल, भवानी, घटाल, गडदेवी, मौभेरा, बाठपाला, बेताल आदि जस्ता शक्ति पिठको संरक्षण, सम्बर्द्धन तथा प्रचार प्रशारमा जोड दिईनेछ ।

२. वित्थडचिर गाउँपालिका भित्रका वित्थड, खसिलडा, तोली, देउलाड, धारछडी, भाटेगुफा, सिगास, गुईलठा लगायतका स्थलहरुलाई पर्यटकिय क्षेत्रको रूपमा विकासका लागि प्रदेश सरकार संघिय सरकारको सहलगानीमा संभाब्यता अध्ययन गरी पर्यटन प्रबर्द्धन गर्ने खालका कार्यक्रमहरु संचालनमा ल्याईनेछन् ।

३.मल्लो वित्थडमा बालउद्यान निर्माण कार्यलाई तिव्रताकाथ अगाडी बढाइनुका साथै वनभोज क्षेत्रको विकास गरिनेछ ।.

४. प्राकृतिक प्रकोप र विपदको समयमा मानव उद्यार गर्नका लागि प्रदेश सरकार र संघिय सरकारसंग समन्वय गरी पालिका भित्रको उपयुक्त स्थानमा हेलीप्याड निर्माण कार्य अगाडी बढाईनेछ ।

५.पालिका भित्रका धार्मिक तथा प्राकृतिक पर्यटकिय स्थलहरुमा होमस्टे संचालन गर्न प्रोत्साहन गरिनेछ ।

**उ) सहकारी**

१. “**गाउँगाउँमा सहकारी घरघरमा रोजगारी**” भन्ने नारालाई सार्थकता प्रदान गर्न स्थानिय सहकारी ऐन मार्फत स्थानिय तहमा हस्तान्त्रण भईसकेका र नयाँ दर्ता हुन आउने संस्थाहरुको संचालन, नविकरण, नियमन र खारेजी गरिनेछ ।

२.सहकारीमा आवद्ध विपन्न महिला, सीमान्तकृत गरिव समुदाय, फरक क्षमता भएका, भूमिहिन तथा पिछडिएको समुदाय र श्रमिकहरूलाइ एकल तथा सामुहिक रूपमा स्वरोजगारमूलक उद्योग व्यवसाय संचालन गर्ने क्षमता विकासका लागि विभिन्न तालिम प्रदायक संघ, संस्थाहरूसँग सहकार्य गरि आवश्यकपर्ने व्यवसायिक तथा सीपमूलक तालिम प्रदान गरिनेछ ।

३.पालिका भित्र संचालनमा रहेका सहकारी मार्फत नागरिकहरुलाई चाडपर्व, दशैं तिहार र आपद विपद परेकाको समयमा सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने व्यबसथा मिलाईनेछ

४.स्थानिय श्रम, शिप र पुँजिलाई अधिकतम रूपमा प्रयोग गर्ने गरी सहकारीलाई एक सबल स्तम्भको रूपमा विकसित गर्दै आर्थिक तथा सामाजिक विकासको लक्षमा पुगाउने खालका कार्यक्रमहरु लागु गरिनेछ ।

**ऊ) वित्तिय**

१. पालिका स्तरका वित्तिय संघ संस्थाहरु संग आबश्यक सन्वय र सहकार्य गरिनेछ ।

२. आन्तरिक आयका स्रोतहरुको प्रयोजन र ब्यबस्थापन गरि कर प्रणालीलाइ थप ब्यबस्थापन गर्दै आन्तरिक आयलाई बृद्धि गरिनेछ ।

३.धार्मिक पुरातात्वीक, साँस्कृतिक र पर्यटकिय स्थलहरुको पहिचान, प्रवर्द्धन र विकास गरी आन्तरिक तथा बाह्यिय पर्यटकहरुलाई आकर्षण गरि आर्थिक आम्दानीमा बृद्धि गरिनेछ ।

**ख) सामाजिक विकास सम्बन्धी नीति**

**सभाध्यक्ष महोदय,**

यस सभामा क्षेत्रगत नीति अर्न्तगत  सामाजिक बिकास अन्तरगत बिषयगत नीतिहरु प्रस्तुत गर्दछु ।

**अ) शिक्षा**

**“दक्षजनशक्ति निर्माणको आधार गुणस्तरिय शिक्षामा आधुनिक प्रविधी र शैक्षिक पुर्वाधार”**

१. नेपाल सरकारले तोकेको शर्त तथा मापदण्ड पालना गरि वित्थडचिर गाउँपालिकाको अनुमति वा स्वीकृतिमा सरकारी सामुदायिक वा निजी लगानीमा बालमैत्री तथा पुर्वाधारयुक्त प्रारम्भीक वालविकास कक्षा र वालविकास तथा स्याहार केन्द्रको ब्यबस्थापन गरी बालविकास कार्यक्रम संचालन गरिने छ ।

२.बालविकास केन्द्रका बालबालिका, कार्यरत शिक्षक शिक्षिका अविभावकहरुलाई पालिका तथा अन्य सम्बन्धीत निकाय मार्फत विभिन्न किसिमका पेशागत क्षमतामुलक कार्यक्रमहरु संचालन गरिनेछन् ।

३.यस वित्थडचिर गाउँपालिकामा सबैकालागि अनिवार्य तथा निशुल्क आधारभुत शिक्षा सुनिश्चित गर्न विद्यालय शिक्षामा पहुँच र सहभागिता, संस्थागत क्षमता विकास र गुणस्तर सम्बन्धी विभिन्न कार्यक्रम संचालन गरिनेछन् ।

४.आधारभुत तहका सम्पुर्ण बालबालिकाहरुलाई अनिवार्य विद्यालयमा भर्ना गरिनेछ । साथै पालिकाद्धारा विद्यालय भर्ना सम्बन्धी घरदैलो अभियान संचालन गरिनेछ ।

५.बालबलिकाको लागि स्थानिय आबश्यकता, बस्तुस्थिति, साँस्कृतिक, भाषिक, धार्मिक अबस्था अनुसार स्थानिय पाठ्यक्रम निर्माण गरी सोहि अनुसार पठनपाठन गर्न र स्थानिय ज्ञान, सिप, प्रविधिको प्रबर्द्धन गर्न आबश्यक पाठ्य पुस्तक तथा सन्दर्भ सामाग्रीको ब्यबस्था मिलाइनेछ ।

६.विद्यालय सेवा क्षेत्र सम्बन्धी मापदण्ड तथा कार्यविधि अनुसार विद्यालयहरुलाई विद्यालय सेवा क्षेत्र **(School Zone)** अनुरुप ब्यबस्थित गरिनुका साथै आबश्यकता र जनशक्ति अनुसार नेपाली र अंग्रेजी माध्यमबाट पठनपाठन गरिने ब्यबस्था मिलाईनेछ ।

७.कोभिड १९ विश्वब्यापी महाँमारीका कारण प्रभावित भएको शिक्षालाई बैकल्पिक माध्यमबाट संचालन गर्न संघिय र प्रादेशिक सरकार संग सहकार्य गर्दै विद्यालय शिक्षामा बैकल्पिक माध्यमबाट पठनपाठन गर्न आबश्यक ब्यबस्था गरिनेछ । यसका लागि विद्यालय शिक्षालाई **ICT** संग जोडिनेछ ।

८.विद्यालय शिक्षामा सुशासन, जवाफदेहिता र उत्तादायित्व कायम गर्न आबश्यक छलफल, अन्तरक्रिया कार्यशालाको ब्यबस्था गरिनेछ ।

९.उत्कृष्ट शैक्षिक उपलब्धी भएको विद्यालय, प्र.अ तथा वि.ब्य.स.लाई कार्यसम्पादनमा आधारित पुरस्कारको ब्यबस्था गरिनेछ ।

१०.विद्यालयको वातावरण बालमैत्री, अपांगमैत्री र सिकाई अनुकुल बनाउन आबश्यक पहल गरिनेछ ।

११.विद्यालयमा खेलकुदको माध्यमबाट सौहार्द, सहकार्य, अनुशासन, नैतिकवान र चरित्रवान नागरिक बनाउन पहल गरिनेछ ।

१२.सुचकमा आधारित विद्यालयहरुको नियमित अनुगमन र नियमनलाई थप प्रभावकारी बनाई अभिभावकहरुको अर्थपुर्ण सहभागितामा विद्यालय ब्यबस्थापनमा सुधार गरिनेछ ।

१३.प्राविधिक शिक्षालाई सबैको पहुचमा पुगाउन थप आबश्यक ब्यबस्था गरिनेछ ।

१४ साक्षर गाउँपालिका घोषणा भईसकेको अबस्थामा अनौपचारिक शिक्षाको माध्यमबाट निरन्तर साक्षरता कार्यक्रम, शिपमुलक, ब्यबसायिक तथा रोजगारमुलक शिक्षामा जोड दिईनेछ ।

१५. विद्यायल शिक्षा क्षेत्रको समग्र सुधार र विकासकालागि अल्पकालिन एवं दिर्घकालिन सोच सहित यस पालिकाबाट स्वीकृत शिक्षा विकास गुरुयोजना कार्यान्वयनलाई प्राथमिकता सहित निरन्तरता दिईनेछ ।

१६. विद्यालय उमेर कमुहका कुनैपनि बालबालिका नछुट्ने गरी No Child Left Behind संघन भर्ना अभियान संचालन एवं अभिभावक विहिन बालबालिकाको अभिभावकत्व ग्रहण गरिनेछ साथै अपांगता एवं विशेष सिकाई क्षमता भएका बालबालिकालाई प्रत्यक कार्यक्रममा प्राथमिकता दिईनेछ ।

१७ सबै विद्यालयहरुलाई पुर्वाधार सहितको सुविधा सम्पन्न विद्यालयको रुपमा विकास गर्न विद्यालयहरुमा आबश्यक भवन, स्वच्छ खानेपानी, सौचालय, खेल मैदान, घेरवार, फर्निचर आदिको ब्यबस्थापन तथा मर्मत सँभार गरिनेछ ।

१८.गुणस्तरिय शिक्षा प्रबर्द्धनकालागि कक्षा ९ र १० सम्म दिवा खाजा, खेलकुद तथा अतिरिक्त क्रियाकलाप छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड वितरण, विज्ञान प्रयोग शाला, कम्प्युटर प्रयोगशाला, पुस्तकाय, छात्रबृत्ति जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

१९. बालविकास कक्षालाई बालबालिकाको सर्वाङ्गीण विकास गर्न न्यूनतम सुविधायुक्त सिकाई, आराम र मनोरञ्जन स्थलका रुपमा विकास गरिनेछ, यसका साथै वालविकास शिक्षकको पेशागत क्षमता विकास गरिनेछ ।

२० शैक्षिक कार्यक्रमहरुमा एकरुपता ल्याउन र गुणस्तर अभिबृद्धि गर्न नियमित प्र.अ बैठक र शैशिक कार्यपात्रो निर्माण गरी कार्यन्वयन गरिनेछ ।

२१. शिक्षकहरुलाई शैक्षिक पात्रो र शिक्षक डायरीबाट शैक्षणिक योजना निर्माण गरी सिकाई सामाग्री सहित शिक्षण गर्न ***"नियमित सुपरिबेक्षण मार्फत विद्यालयमा नै प्राविधिक सहायता"*** उपलब्ध गराइनेछ ।

२२. **"स्वस्थ तन, सफा मन र सिर्जनशील मस्तिष्क"** को मान्यतालाई स्थापित गर्न दिवा खाजामा पत्रु खाना (Junk Food) लाई निरुत्साहित गर्दै एकरुपताकालागि सबै विद्यालयहरुमा दिवा खाजाको साप्ताहिक दिवा खाजा सूचि (Menu) लागु गरिनेछ ।

२३ संस्थागत विद्यालयहरुलाई सेवामुखि बनाउन कार्यविधी बमोजिम नियमित अनुगमन, नियमन र नियन्त्रण गर्दै शैक्षिक गुणस्तर कायम गरिनेछ ।

२४. विद्यालय सुशासन (School Governance) प्रबर्द्धन गर्न विद्यालय व्यबस्थापन समिति गठन, नेतृत्व क्षमता विकास र कार्यसम्पादन करार तथा सामाजिक परिक्षण गरी विद्यालय शिक्षाको गुणस्तर अभिबृद्धि गरिनेछ ।

२५. अभिभावकहरुमा विद्यालय शिक्षाप्रतिको चाँसो र सक्रियता बद्धि गर्न अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

२६. हालसम्म सरकारबाट एकदमै न्यून पारिश्रमिक पाईरहेका बालविकास शिक्षक र विद्यालय कर्मचारीहरुलाई प्रोत्साहनका लागि पहल गरिनेछ ।

२७. शिक्षकहरुको नियमितता र विद्यालयमा कार्य समय सुधारका लागि सबै विद्यालयहरुमा क्रमशः ई हाँजिरीको व्यबस्था गरिनेछ ।

२८. शिक्षण सिकाई र परिक्षालाई परिपुरकका रुपमा लिदै विद्यालय शिक्षा गुणस्तरको मापक आधारभुत तहको कक्षा ८ को अन्तिम परिक्षालाई गुणस्तरिय, व्यबस्थित, मर्यादित र स्तरिकृत बनाईनेछ , आगामी दिनमा कक्षा ५ मा पनि यसै बमोजिमको मूल्यांकन गरिनेछ ।

२९. शैक्षिक गुणस्तर प्रतिस्पर्धी बाताबरण सृजना गर्न वित्थडचिर नमुना विद्यायल कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३०. विद्यालयका शिक्षक तथा पालिका कर्मचारीहरुमा अनुसन्धान शिपको विकास गरी उहाँहरुबाट गरिएका स्थलगत अनुसन्धानका आधारमा शिक्षामा तथ्यपरक सुधारको थालनी गरिनेछ ।

३१. गाउँपालिकाका स्वयम सेवक शिक्षक शिक्षिका र वालविकास सहजकर्ताहरुलाई निरन्तरता दिइनेछ ।

३२. गाउँपालिका विद्यालयहरुमा शिक्षक दरबन्दी मिलानलाई अन्तिम रूप दिईनेछ ।

३३. शिक्षा क्षेत्रको विकासकालागी आबश्यक स्रोत साधन आपुर्ति गर्न सरोकारवाला निकाय र विभिन्न संघ संस्थाहरु संग समन्वय र सहकार्य गरिनेछ ।

३४.कोरोना महामारीलाई मध्यनजर गर्दै प्रत्येक विद्यालयहरुका शिक्षक विद्याथीहरुमा एन्टिजेन परिक्षण लगायत स्वास्थ्य जाँच सम्बन्धीत विद्यालयहरुमा गरिनेछ ।

३५. प्रत्यक विद्यालयहरुमा निसंक्रमणीकरणको ब्यबस्था गरिनेछ ।

३६. सम्पुर्ण विद्यालयमा सुचना प्रशारण गर्नकालागि सुचना पार्टी, सुझाव पेटीका र विद्यालय सुचना सम्पर्क ब्यक्तिको ब्यबस्था गरिनेछ ।

३७. पालिकाका माध्यामिक विद्यालयहरुमा ई लाईब्रेरीको ब्यबस्थापन गरिनेछ ।

३८.प्रत्येक विद्यालयहरुले विद्यालय सुधार योजना सहित बार्षिक कार्ययोजना तयार गरि संचालन गर्नमा प्रोत्साहन गरिनेछ ।

३९.उच्च शिक्षा विकासकालागि सुनकुडा क्याम्पसलाई सुदुरपश्चिम विश्व विद्यालय संग आगिंक गर्न आबश्यक पहल गरिनेछ ।

४०.शिक्षण संस्थानहरुमा शिक्षक भर्ना वा दर्बन्दी मिलान गर्दा लैगिक तथा सामाजिक समावेशीकरण नीतिलाई प्रभावकारी रूपमा अबलम्बन गरिनेछ ।

४१.विद्यालय स्वच्छ वाताबरण सृजना गर्न विद्यायहरुमा बृक्षारोपण, बगैचा निर्माण गरी वाताबरणमैत्री विद्यालय बनाउनमा जोड दिईनेछ ।

४२. विद्यालयहरुमा योग समिति निर्माण गरी योग शिक्षालाई कार्यान्वयनमा ल्याईनेछ ।

**आ) स्वास्थ्य**

१. कोभिड १९ रोगको रोकथाम तथा ब्यबस्थापन गर्न प्रत्यक स्वास्थ्य संस्थामा हप्ताको १ दिन आर.डि.टि. एन्टिजेन **(RDT Antigen)**जाँच तथा स्वाब संकलनको ब्यबस्था गरिनेछ । यसका साथै तेस्रो भेरियन्टलाई मध्यनजर गरी पुर्वतारीका लागि आबश्यक पहल गरिनेछ ।

२. प्राथमिक स्वास्थ्य केन्द्र देउलेखमा स्थापित २० बेडको आईसोलेसन वार्डलाई समयानुकुल सुब्यबस्थित गरिदै लगिनेछ साथै स्वीकृत १५ शैयाको अस्पताल संचालनका लागि आबश्यक पहल गरिनेछ ।

३. खोप पाउनु पर्ने उमेरसमुहका सबै वालवालिकाहरुलाई पुर्ण खोप दिलाई पुर्ण खोपको सुनिश्चितता कायम गरी वडास्तरबाटै पुर्ण खोपयुक्त वडा घोषणा गरी पुर्ण खोपयुक्त पालिकाको लागी अध्याबधिक गरिनेछ ।

४.गर्भवती तथा सुत्केरी महिलाको समयमै गर्भ तथा सुत्केरी सम्बन्धीको समस्या पत्ता लगाई भविश्यमा हुने जटिलतामा कमि ल्याउन तथा आमा र बच्चाको मृत्यु हुनबाट रोक्नकालागि ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई थप प्रभावकारी र विस्तार गरिनेछ ।

५. स्वास्थ्य संस्थामा प्रसुती सेवाको क्षमता अभिबृद्धी गराई संस्थागत सुत्केरी बढाउनमा जोड दिईनेछ ।घरमा हुने सुत्केरीलाई निरुत्साहित गरी घरमा सुत्केरी सुन्य वडा हुँदै पुर्ण सुत्केरी पालिका घोषणाका लागि सिफारिस गरिनेछ ।

६.प्रत्येक वडामा रहेका आधारभुत स्वास्थ्य सेवा केन्द्रको क्रमशः क्षमता अभिबृद्धी गर्दै सेवा विस्तार गरी वडा तहमै प्रयोगशाला विस्तार गर्न आबश्यक पहल गरिनेछ ।

७.गुणस्तरिय तथा स्वास्थ्य प्रबर्द्धक खाद्य पदार्थको प्रबर्द्धन र प्रयोग मार्फत कुपोषणलाई न्यूनिकरण गर्दै लगिनेछ साथै सबै वालवालिकाहरुको पुर्ण बृद्धी, अनुगमन सहित तोकिएका सुचकांकहरु पुरा गरी पोषणमैत्री वडा, स्वास्थ्य संस्था घोषणा गर्दै पोषणमैत्री पालिका घोषणाको आधार तयार पारी पोषणमैत्री पालिका बनाईनेछ ।

८. पालिका क्षेत्र भित्रका प्रत्यक वडा बासीको पहुँच पुग्ने गरी मधुमेह, उच्च रक्तचाप र आङ्ग खस्ने समस्याको निःशुल्क स्वास्थ्य परिक्षण र उपचार गरिनेछ ।

९.स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी बनाउन आबश्यक सचेतना र ब्यबस्थापन गरिनेछ ।

१०.आम नागरिकहरुलाई मनोसामाजिक सरामर्शदाता मार्फर्त मानसिक स्वास्थ्य सेवाको परामर्श र उपचार सेवा उपलब्ध गरिनेछ ।

११. **"स्वस्थ शरीर स्वस्थ दिमाग"** भन्ने नारालाई ध्यानमा राखि स्कुल पढ्ने विद्यार्थीहरुलाई सरसफाई,सन्तुलित आहार तथा प्रजनन् स्वास्थ्य लगायतका विषयमा स्वास्थ्य शिक्षा प्रदान गरिनेछ ।

१२.महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका र आमा समुहलाई सत्तिक्रय बनाउन दिईदै आएको प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१३.स्वास्थ्य संस्थाहरुको सामाजिक परिक्षण गराई गुणस्तरिय र सर्वसुलभ स्वास्थ्य सेवामा अभिबृद्धी गरिनेछ ।

१४.गाउँपालिका भित्र रहेका स्वास्थ्यकर्मि तथा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई कोरोना रोग लगायतका महाँमारीजन्य रोगहरुका बारेमा अभिमुखिकरण, रोकथाम तथा नियन्त्रण कार्यक्रम संचालन गरि जनचेतना अभिबृद्धी कार्यक्रम संचालन गरिनेछ ।

१५.आयुर्वेध औषधालयलाई आबश्यकपर्ने भौतिक पुर्वाधार तथा मानव संसाधनको लागि सम्बन्धीत निकायमा पहल गर्नुको साथै प्राकृतिक चिकित्सा सेवा विस्तार गरिनेछ ।

१६.गरिव, असहाय, अपांगता भएका ब्यक्ति तथा जेष्ठ नागरिकहरुको उपचारमा विशेष सुविधा र सहुलियत प्रदान गरिनेछ । साथै स्वास्थ्य शिविरको ब्यबस्था गरिनेछ ।

१७. सुनौला हजार दिनका आमाहरुलाई अण्डा, कुखुरा वितरणका साथै गर्भवती र सुत्केरी महिला संग उपाध्यक्षको पोषण कोसेली कार्यक्रमको निरन्तरता दिइनेछ ।

१८.प्रत्येक स्वास्थ्य संस्थाबाट ई रिपोर्टिङ्गका लागि इन्टरनेट सेवा विस्तार तथा नमुना डेस्कटप कम्प्युटरको ब्यबस्था गरिनेछन ।

१९. आपत्कालीन समयमा आउने महामारीको लागि आपत्कालिन प्रतिकार्य कक्षको रूपमा स्थापित गरिनेछ ।

२० स्वास्थ्य संस्थानहरुमा कार्यसम्पादन, अनुगमन र सुपरिबेक्षणमा कडाईका साथ आबश्यक मुल्यांकन गरिनेछ ।

२१. स्वास्थ्य संस्थानमा जडान भएका स्वास्थ्य उपकरण संचालनका लागि आबश्यक तालिमको ब्यबस्था गरिनेछ ।

२२ देउलेख पि एच सि, स्याँडी र सुनकुडा स्वास्थ्य चौकिमा ई हाँजिरी गरिनेछ ।

२३ प्रत्येक नागरिकलाई कोरोना विरुद्धको खोप लगाउन ब्यबस्था मिलाईनेछ ।

**इ) खाने पानी तथा सरसफाई**

१.जल उपयोग गुरुयोजनाको आधारमा गाउँपालिकाका प्रत्येक बस्तिहरुमा खानेपानीको अबस्था विश्लेषण गरि आबश्यक स्थानमा एक घर एक धारामो अबधारणालाई कार्यान्वयन गरी स्वच्छ पिउनेपानीको आपुर्ति गरिने छ ।

२. विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु संग समन्वय र सहकार्य गरि खानेपानीका बृहत योजना सम्बन्धी पहल गरिने छ ।

३.पुर्ण सरसफाइको लागि टोल र वडा समितिलाई सशक्त वनाई आ आफ्नो समुदायको जिम्मेवारी बोध गराई सरसफाई कार्यक्रहरु संचालन गरिने छन् ।

४. समुदायको अगुवाईमा खानेपानी सुरक्षा योजना लागु गरि सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा कार्यक्रम संचालन गरिनेछन् ।

५.खानेपानी प्रणालीमा जोडिएका मुहानहरुको बार्षिक दुई पटक पानी परिक्षण गरिनेछ ।

६.जलवायु परिवर्तनका कारण मुहानहरु दिनप्रतिदिन सुक्दै गएको अबस्थामा पानी मुहान संरक्षण गर्न उच्च स्थानहरुमा रिचार्ज टंकिहरुको निर्माण गरिने कार्यलाई अगाडी बढाईने छ

७.पालिकाका सबै वडाहरु खुला दिशामुक्त क्षेत्र घोषणा भईसकेकाले पुर्ण सरसफाईको अबधारणालाई कडाईका साथ पालना गराउदै आफ्नो घर अगाडी आफैले अनिवार्य सरसफाई र एकघर एक फोहोर फाल्ने खाडल र दुई फलफुलका विरुवा रोप्ने अबधारणाको विकास गरिनेछ ।

८. विद्यालय खानेपानि सरसफाई तथा स्वच्छता योजना अनुरुप विद्यालयहरुलाई तीनतारे सुचक पुरा गर्न कार्यक्रम संचालन गरिनुका साथै महिनावारी स्वच्छताका लागि निःशुल्क स्यानीटरी प्याड बैंकको ब्यबस्था गरिनेछ ।

९. सड्ने र नसड्ने फोहर राख्ने कन्टेनरको माध्यमबाट फोहर ब्यबस्थापन गरी सडेको मल प्रयोग गरी हरियाली बगैचा निर्माण गर्नेलाई पुरस्कृत गरिनेछ ।

१०.बजार क्षेत्र र सार्वजनिक स्थलमा सार्बजनिक सौचालय निर्माण मर्मत संम्भार तथा संचालनको ब्यबस्थापन गरिनेछ ।

११. पालिकाका विभिन्न स्थानबाट फोहोर संकलन गरि समवन्धीत क्षेत्रको पायक पर्ने ठाउँमा फोहोर विसर्जन केन्द्र (Disposal Centre) को स्थापना गरिने छ ।

१२. पालिका र वडा स्तरका सम्पुर्ण विद्यालय, टोल वस्ति र समुदायमा स्वच्छ र स्वस्थ वातावरण र सेरोफेरो वनाउनका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्ने संघ संस्थाहरु संग हातेमालो गरि आबश्यकताको आधारमा पालिकाले पनि निश्चित मापदण्ड तयार गरि कार्यक्रममा योगदान गरिनेछ ।

१३. प्रत्येक खानेपानी आयोजनाहरुलाई मर्मत संभार कोषको अनिवार्य ब्यबस्था गरी मर्मत सम्भार समितिलाई जवाफदेहिता र जीम्मेवारी बनाईनेछ ।

१४. जलउपयोग गुरुयोजनालाई यथासिघ्र कार्यान्वयन गरिनेछ ।

१५. पानिका मुहानहरु बस्तिभन्दा तलरहेका समुदायमा सोलार लिफ्टीङ्ग मार्फत खानेपानीको आपुर्ति गरिनेछ ।

## ई) संस्कृति प्रबर्द्धन

१. स्थानिय भाषा, देउडा, गौरापर्व, धार्मिक मेला जात्रा, साँस्कृतिक संग्रहालय, नृत्य कला, धामी झाक्री नाच, परम्परागत गहना तथा पोशाक, भारीखेल, ठाडोखेल, छलिया, भाणा (भात्ता), चैतली, धुमारी,  आदि ऐतिहाँसिक साँस्कृतिक रिति रिवाजको प्रबर्द्धनका लागि पालिकाको धार्मिक तथा साँस्कृतिक प्रोफाईल निर्माण गरिनेछ ।

२.विभिन्न धार्मिक समिति ब्यबस्थापन नीर्देशिका र ब्यक्तिगत आस्थामा सकारात्मक परिवर्तनका लागि सचेतना तथा प्रोत्साहन कार्यक्रमहरु संचालन गरिनेछन् ।

३.स्थानिय धार्मिक र संस्कृति प्रबर्द्धनका लागि प्रत्यक धार्मिक स्थलको ऐतिहाँसिक पृष्ठभुमि सहितको लेखहरु निर्माण गरिनेछन् ।

## उ) खेलकुद तथा मनोरञ्जन

१. एक वडा एक खेलकुद मैदानको अबधारणालाई निरन्तर गरिनेछ ।

२. वार्षिक रुपमा स्थानिय स्तरका विभिन्न किसिमका प्रतिभाहरु जस्तैः राष्टिय तथा अन्तरार्ष्यि खेलिने खेलकुदका विद्याहरु, देउडा, नृत्य तथा अभिनय र हस्तकला सम्बन्धी पालिका स्तरिय आयोजनाहरु आयोजन गरिने छन् ।

३. वालवालिकाको सर्वाङ्गीण विकासका लागि विद्यालयहरुमा नियमित खेलकुद तथा अतिरिक्त क्रियाकलापलाई सिकाईको अविभिन्न अंगको रूपमा विकास गर्न विद्यालय तथा पालिका स्तरिय प्रतिस्पर्धात्मक कार्यक्रमहरुको संचालन गरिनेछ ।

४. पालिका भित्र खेलका पुर्वाधार विकास र स्तरिय खेलकुदका कार्यक्रमलाई निरन्तरता दिई खेलकुदमैत्री वित्थडचिरको रूपमा विकास गरिनेछ, यसका साथै खेलकुद तथा सृजनात्मक कार्यकलाप मार्फत युवा तथा वालवालिकाहरुलाई अनुशासित स्वस्थ तन्दुरुस्त चरित्रवान र सृजनशील बन्दै धुम्रपान, लागुपदार्थ र दुर्व्यसनबाट टाढा रहन उत्प्रेरित गरिनेछ ।

५.उत्कृष्ट खेलाडीहरको पहिचान गरि उनिहरुको क्षमता विकास गरि विभिन्न किसिमका जीवनोपयोगी अवसर र तालिमका लागी आबश्यक सहयोग गरिने छ ।

६.पालिका स्तरिय खेलकुद प्रतिस्पर्धात्मक कार्यक्रम अन्तर्गत अध्यक्षकप कायक्रम संचलान गरिनेछ ।

७.खेलकुद विकास समिति परिचलनमा प्रभावकारिता कायम गरिनेछ ।

## ऊ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

**"लैंगिक समानता तथा सामाजिक समावेशीकरण हाम्रो अभियान**
**सवै जाति, बर्ग, समुदाय, धर्म संस्कृतिको पहिचानमा हाम्रो सम्मान"**

१. पाालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरणको नीतिलाई पुर्णरुपमा कार्यान्वयन गर्दै लगिने छ, साथै सामाजिक, आर्थिक रुपमा पछाडि परेका वा पारिएका महिला, एकल महिला, बालबालिका, किशोर किशोरी, दलित, अपांगता, सिमान्तकृत जनजाति,अल्पसंख्यक  तथा फरक क्षमता भएका व्यक्तिहरुको बहुआयामिक शसक्तिकरणमा जोड दिई आर्थिक र सामाजिक रुपले शसक्त बनाउदै लगिनेछ ।

२.हिंसामा परेका महिलाहरुको सुरक्षा लाई मध्यनजर गरी त्यस्ता महिलाहरका लागि अस्थायी आवासका रुपमा सेफ हाउस संचालन गरिने छ । साथै सुरक्षित, सम्मानजनक सामाजिक पुर्नस्थापना र कानुनी उपचारमा जोड दिइनेछ ।

३.अपांगता भएका व्यक्तिहरुकालागि सिपमुलक तालिम आयोजना गर्नुका साथै अनिहरुप्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तन ल्याउन विभिन्न सचेतनामुलक कार्यक्रम संचालन गरिनेछन् ।

४.विभिन्न संघ संस्था र सरकारी निकाय मार्फत लक्षित महिलाको शसक्तिकरणको स्तर हाँसिल गर्नका लागि बञ्चितीमा परेका महिलालाई मुलप्रवाहिकरण, समावेशीकरण, सशक्तिकरण, नेतृत्व विकास, प्रजनन स्वास्थ्य, आयमुलक सिपको विकास र संस्थागत सहभागिताकालागि अमबश्यक कार्यक्रम संचालन गरिनेछ ।

५.यस पालिका क्षेत्र भित्र लैंगिक हिंसा, लागु औषध, बालबिबाह, बाल दुर्व्यबहार तथा बालश्रम, विभिन्न किसिमका कुरिती र कुसंस्कार जस्तैः छाउपडी, बोक्सी, दाईजो र जारी प्रथा जस्ता सामाजिक विकृति र कुरिति विरुद्धमा सचेतना, जागरण अभियान र तालिम संचालन गरिनेछन् ।

६.विभिन्न किसिमका धार्मिक तथा साँस्कृतिक कारणले महिला तथा बालबालिकाहरुमा हुने विभेदहरुलाई अन्त्य गर्न धामी झाक्री तथा धर्म गुरुहरुलाई सकारात्मक सन्देश सम्बाहकको रुपमा स्थापित गर्न उनिहरुलाई क्षमता विकास गरि प्रोत्साहित गरिने छ ।

७. जेष्ठ नागरिकहरुप्रति सम्मान र आदर अभिवृद्धि गर्दै उनीहरुको सीप र अनुभव युवापुस्तामा हस्तान्तरण गर्न छलफल कार्यक्रमहरु संचालन गरिनेछन् ।

८.लैङ्गिक विभेद, जातीय आधारमा हुने छुवाछुत, समान कामको ज्यालामा हुने भेदभाव र विभेदहरुलाई निर्मुल गर्दै विभेदमुक्त गाउँपालिका बनाइनेछ ।

९.मनोसामाजिक परामर्शदाताहरुलाई थप प्रोत्साहन र क्षमता विकास तालिमको व्यबस्थापन गरिने छ ।

१०.राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपांग संग सम्बन्धीत दिवशहरु अनिवार्य रुपमा मनाईने छन् ।

११.साँझेदारी संघियता सहयोग कार्यक्रमको सहकार्यमा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रमको कार्यान्वयन र परिक्षणमा पारदर्शिता कायम गरिने छ ।

१२.महिला हिंसा निवारण कोष स्थापना गरि प्रत्यक विकासे कार्यक्रको शिर्षकबाट १ प्रतिशत रकम छुट्याईनेछ ।

१३.पालिकाबाट प्रवाह हुने सबै लक्षित वर्गहरुको सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गरिने छ । यदि बैंक मार्फत वितरण गर्न संभव नभएमा सम्बन्धीत निकायका कर्मचारीहरुले पायक पर्ने टोल बस्तिमा गएर वितरण गरिर्ने ब्यबस्था मिलाईनेछ ।

१४.पालिका तथा वडा स्तरिय बाल क्लव, किशोरी समुह, महिला संजाल, महिला समुह तथा अपांग संजाल र जेष्ठ नागरिक मञ्चहरुको गठन, परिचालन र ब्यबस्थापनका साथै क्षमता विकासका विभिन्न कार्यक्रमहरु संचालन गरिने छन् ।

१५.दलित संजाललाई थप उर्जावान बनाउन दलिदहरुको हकहित, अधिकार र क्षमता अभिबद्धीका लागि अनुदान कार्यक्रममा निरन्तरता दिइने छ ।

१६. परम्परागत पेशाको आधुनिकिकरण तथा औजारमा सहयोग गरि ब्यसाय संचालन गरि आर्थिक सशक्तिकरण गरिने छ ।

१७.समावेशीकरणको आधारमा लोकसेवा कक्षाहरु संचालन गरिने छन् ।

१८. बालविबाह अन्त्यका लागि जिल्लाको बालविवाह न्युनिकरण रणनितिक योजना २०७४ लाई कार्यान्वयन गर्दै गाउँपालिकामा २०७८ भित्र बालविवाह अन्त्य गर्ने अभियानलाई निरन्तरता दिइनेछ ।

१९. युवा, बालबालिका तथा किशोर किशोरी लाई लक्षित गरि अनिवार्य रुपमा पालिका स्तरिय सामुदायिक पुस्तकालयको निर्माण र ब्यबस्थापन गरिने छ । साथै महिला हिंसामा परेका चेलीहरुलाई परामर्श तथा पैरवी सेवा प्रदान गर्न परामर्श तथा पैरवी केन्द्र स्थापना गरिनेछ ।

२०. विपन्न महिला, युवायुवतिहरुलाई बजारपरक परम्परागत नभएको (Non-Traditional) सिप विकास तालिमको साथमा रोजगारी तथा आयआर्जन कार्यक्रमहरु संचालन गरिनेछ ।

२१ गाँउपालिकाका योजना तथा सेवा प्रवाहलाई लैंगिक उत्तरदायी बनाउनको लागि हरेक वर्ष लैंगिक समानता तथा सामाजिक समाबेशीकरण GESI उत्तरदायी बजेट परीक्षण गरिनेछ ।

## ग. भौतिक पुर्वाधार विकास

**सभाध्यक्ष महोदय,**

यस सभामा क्षेत्रगत नीति अर्न्तगत भौतिक पूर्बाधार बिकास अन्तरगत बिषयगत नीतिहरु प्रस्तुत गर्दछु ।

## अ) सडक तथा पुल

१. गाउँपालिका भित्र रहेका सडकहरुको बर्गीकरण गरी आबश्यक स्तरोन्नती गर्न सडक क्षेत्र भित्र वस्ति, घर तथा पुर्वाधारहरु निश्चित मापदण्ड तयार पारि सो को आधारमा निर्माण गरिनेछन् ।

२. अधुरा सडकहरुलाई विभिन्न वस्तिहरु सम्म पुगाउने कार्यलाई निरन्तरता दिनका लागि आबश्यक पहल गरिनेछ ।

३. सडक संजाल गुरुयोजना तयार गरि वातावरणीय प्रभाव मापन र डि पि आर तयार गरेर मात्र सडक निर्माण गरिने छन् ।

४. छिमेकी स्थानिय तह तथा जिल्ला जोड्ने सडकलाई प्राथमिकता दिई अर्थतन्त्र प्रवर्द्धन गरिनेछ।

५. पालिका भित्र रहेका सम्पुर्ण अस्थायी पुलहरुलाई क्रमशः विस्थापित गर्न विस्तृत योजना प्रतिवेदन तयार पारी सोको आधारमा आबश्यकता अनुसार निर्माण कार्यलाई अगाडी बढाइनेछ ।

६. पालिकाका दुर्गम तथा सडकको पहुँच नभएको बस्ति तथा टोलहरुमा गोरेटो तथा घोरेटो बाटोको निर्माण तथा स्तरोन्नतीको ब्यबस्था गरिनेछ ।

७. पालिकाका आबस्यक स्थानहरुमा आवत जावतलाई थप प्रभावकारी बनाउन झोलुंगे पुलका लागि पहल कदमिलाई निरन्तरता दिईनेछ ।

## आ) सिंचाई

१. सिंचाइ योग्य भुमिमा सिचाइको लागि आबश्यक संरचनाहरु जस्तैः सिचाइ पोखरी, लिफ्टिङ्ग सिचाइ कुलो तथा क्यानल निर्माण कार्यमा प्राथमिकतामा राखि पहल गरिनेछ ।

२.कृषि उत्पादनमा आत्मनिर्भर बनाउन र ब्यबसायिक बनाउन सिचाईको बहु उपयोगी पद्धती लाई प्राथमिकता लिई फोहरा सिचाई, स्प्रिङ्ग आदिलाई प्राथमिकता दिइनेछ ।

३.पालिका भित्रका प्रत्येक सिचाई क्यानलहरुलाई मर्मत संभार र आबश्यक स्तरोन्नती गरिनेछ। साथै अब बन्ने क्यानल तथा नहरहरुलाई आर सि सि गरिनेछ।

**इ) भवन तथा सहरी विकास**

१.राष्ट्रिय भु उपयोग नीति लागूग गरी सुरक्षित आवाश निर्माणलाई जोड दिईनेछ।

२.पालिका क्षेत्र भित्र  नयाँ घर निर्माण गर्दा पालिकाले भवन निर्माण मापदण्ड तयार पारि सोहि अनुसार कार्यान्वयनमा ल्याईनेछ र पुरानो घरहरुको अभिलेखिकरण अगाडी बढाइने छ।

३.खरका छाना भएका आवाशहरुलाई पुर्ण रुपमा विस्थापित गर्न सुरक्षित आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४.पालिकाका मुख्य बजार संग जोड्ने सडकहरुको स्तरोन्नतीका साथै ढल निकास निर्माण गरिनेछ। सो व्यबस्थापन पश्चात सडक कालोपत्रे गरिनछ।

५.विपद जोखिममा रहेका वर्गकोलागि आवास एकाई निर्माण गर्न विस्तृत योजना प्रतिबेदन तयार गरि एकीकृत बस्ति बिकास तथा आवास निर्माणमाजोड दिईनेछ ।

७.बहुबर्षिय योजनाहरुलाई समेटेर गुरुयोजना निर्माण गरिनेछ ।

८. पालिका भित्र बन्ने सरकारी संरचनाहरु निर्माण गर्दा बालमैत्री र अपांगमैत्री बनाउने अबधारणलाई कार्यान्वयनमा ल्याईनेछ।

**ई) उर्जा, लघु तथा साना जलविद्युत (बैकल्पिक उर्जा समेत)**

१. गाउँपालिकाको विभिन्न आबश्यक स्थानमा सौर्य उर्जा जडान, अनुदानमा आबश्यक घरहरमा सोलार बत्ती जडान, वायुग्यास, सुधारिएको चुलो, आधुनिक घट्ट, सडक बत्तीको ब्यबस्थापन गरि उज्यालो वित्थडचिर निर्माण्का लागि साझेदार निकायहर संग समन्वय र सहकार्य गरि कार्यक्रम संचालन गर्ने नितिलाइ निरन्तरता दिइने छ।

२. पालिका भित्र संचालनमा रहेका साना जलविद्युत आयोजनाको मर्मत संभार तथा दिगोपनाको लागि आबश्यक कार्याक्रम संचालनमा ल्याईनेछ।

३. राष्टिय प्रशारण लाईनलाई बाकि रहेका सबै बस्तिहरुमा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइने र विशेष पहल गरिनेछ ।

४. वाडा नं ३ र ५ को ओसैल, नाडा टोल, बस्तिहरमा सोलार मिनीग्रेट कार्यान्वयनकका लागि बिशेष पहल गरिनेछ ।

**घ. वन, वातावरण तथा विपद ब्यबस्थापन**

**सभाध्यक्ष महोदय,**

यस सभामा क्षेत्रगत नीति अर्न्तगत **वन, वाताबरण तथा विपद ब्यबस्थापन** अन्तरगत बिषयगत नीतिहरु प्रस्तुत गर्दछु ।

**अ) वन तथा भु-संरक्षण**

१.बन्य जन्तुको संरक्षण गरि मानव र बन्यजन्तु विचको द्धन्द्धलाई न्यूनिकरण गर्दै वन पर्यटनको विकास गरिनेछ ।

२.प्ाकृतिक श्रोत र सम्पदाको समुचित सदुपयोग गर्दै दिनानुदिन मासिदै गएको वन क्षेत्रको दिगो विकास तथा विभिन्न जैविक मार्गलाई संरक्षण गरी स्वच्छ हावा स्वस्थ ब्यक्ति र सभ्य समाज निर्माणको अभियानमा जोड दिईनेछ ।

२. पालिका अन्तर्गतका हैसियत विग्रेका वन क्षेत्र, नदि किनार वा सार्वजनिक क्षेत्र बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गरी चाक्लाबन्दीमा जोड दिईनेछ ।

३.चोरी सिकारी अबैध निकासी पैठारी तथा बन डढेलो नियन्त्रण गर्न प्रत्येक सा.व.हरुमा बनहेरालाको ब्यबस्था गरिनेछ ।

४.वन संरक्षण गर्न कृषि वन प्रणालीलाई प्रोत्साहित गरिनेछ ।

छ.विशेष वन क्षेत्रको पहिचान गरि पर्यटकिय स्वच्छ उद्यान र वनभोज स्थल निर्माण गरिनेछ ।

५. पालिका भित्रका सामुदायिक बनहरुको संरक्षण, सम्बर्द्धन, नियमन, नियन्त्रण गरी बन ऐनको दायरामा ल्याई सो ऐन अनुसार कार्यान्वयन गरीनेछ ।

६. वनजंगलमा पाढी पहिरो, भु क्षय नियन्त्रण सम्बन्धमा क्षमता विकास मुलक कार्यक्रम संचालन गरिनेछ ।

७. तटबन्ध ढल निकासका आयोजनाहरु संचालन गरिनेछन् ।

**आ) जलाधार संरक्षण**

१.गा.पा क्षेत्र भित्र रहेका सिमसार क्षेत्रको पहिचान तथा वर्गिकरण गरि जलचर तथा जैविक विविधताको संरक्षणमा जोड दिईनेछ ।

२.पालिका भित्र रहेका पानीका स्रोत जस्तै नदि, खोला, तालतलैया र झरना आदिको संरक्षण र सम्बर्द्धन गरिनेछ ।

**इ) वातावरण संरक्षण तथा जलवायु परिवर्तन**

१.प्लास्टिक झोलाको प्रयोगमा कमि ल्याउनकालागि वातावरण संरक्षणमा जोड दिन जनचेतनाका फैलाउन आबश्यक पहल गरिनेछ ।

२.गा.पा बाट संचालन गरिने योजनाहरु प्रकृतिमैत्री बनाई योजना संगै बृक्षरोपणको अबधारणालाई अगाडी बढाईनेछ ।

३.स्थानीय नागरिकलाइ परिवर्तित जलवायु सन्तुलनको जीवनशैली, उत्पादन र उपभोग पद्धतिको अभ्यास गर्न आवस्यक सीप, क्षमता, अभिवृद्धि गर्न प्रोत्साहन गरिनेछ । विपद् जोखिम क्षेत्रको नक्सांकन, संरक्षण र व्यवस्थापन गरिनेछ ।

४.कानुनी व्यवस्था अनुरूप प्रत्येक योजनाको वातावरण संरक्षण ऐन र नियमावली अनुसार **EIA/IEE** गरिनेछ ।

६.प्रत्येक परियाजनामा वायोइंजिनीयरिंग लगायत अफोरेस्टेशन कार्यक्रम समावेस गरिने र सो का लागि योजनाको कूल लागतको सामान्यतया १ देखि ३ प्रतिशत सम्म बजेट बिनियोजन गरिने छ ।

७.दाहसँस्कार स्थलका लागि आवश्यक पर्ने खाली जग्गा पहिचान गरी दाहसँस्कार संरचना निर्माण गर्न पहल गरिने छ।

**ई) फोहोरमैला तथा ढल ब्यबस्थापन**

१.स्वच्छ तथा सफा बजार राख्न फोहोर फाल्ने कन्टेनरको ब्यबस्था गरी सडकको दायाँ र वायाँ पट्टी बृक्षारोपण गर्ने ब्यबस्था मिलाईनेछ ।

२.फोहोरलाई मोहरमा बदल्न विभिन्न शिपमुलक तालिमहरु संचालन गरिने छ र उत्पादित मालसामानका लागि बजारको प्रबद्धन गरिनेछ ।

३.बजार क्षेत्रबाट निस्कने तरलजन्य फोहोरलाई ब्यबस्थित गर्न उचित ढलनिकास ब्यबस्थित गरिनेछ ।

**उ) जल उत्पन्न प्रकोप नियन्त्रण**

१. धेरैजसो विपदहरुको कारण मानव ब्यबहार हुने भएकाले तत्सम्बन्धी चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछन् ।

२. नदि तथा खोलाले कटान भएका र सम्भावित जोखिमयुक्त स्थानहरुमा तट्बन्धन निर्माण तथा वायोइन्जीनियरिङ्ग मार्फत ब्यबस्थित गरिनेछ ।

३. अबैध रुपमा उपभोग गरिने विभिन्न खानीहरुलाई ब्यबस्थित तथा आबश्यकता अनुसार बन्द गरिनेछन् ।

**ऊ) विपद् ब्यबस्थापन, वारुण यन्त्र र एम्बुलेन्स संचालन**

१.पालिका स्तरिय विपद ब्यबस्थापन समिति, वडा र वस्ति स्रका विपद ब्यबस्थापन समितिहरुलाई थप सक्रिय बनाईनेछ ।

२.वित्थडचिर विपद ब्यबस्थापन कोषलाई निरन्तरता दिईने छ ।

३. बाढी पहिरोबाट क्षति भएका पशुपक्षी गोठ, खोर र कृषि वाली नालीलाई क्षति भएमा राहत स्वरुप अनुदानको ब्यबस्था मिलाईनेछ ।

४.पालिकाको विपद ब्यबस्थापन कार्यविधी अनुसार बारुण यन्त्र तथा विपद सामाग्रीहरुको ब्यबस्था मिलाइनेछ ।

५.विपद ब्यबस्थापन सम्बन्धी सचेतनामुलक शन्देस प्रशारण गरि आम नागरिकहरुलाइ सचेतीकरण गरिनेछ ।

६.स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा गरि कार्यान्वनमा ल्याउन विकास साझेदार सस्थाहरु संग सहकार्य गरिनेछ ।

७. विपद जोखिममा परेकाहरुलाई उद्धार तथा राहतको ब्यबस्थापन गरिनेछ ।

८. विपद ब्यबस्थापनका लागि खाली जग्गाको छनोट गरी तयारी अबस्थामा राखिनेछ ।

**<u>ङ. संस्थागत विकास, सेवाप्रवाह र सुशास</u>**

**सभाध्यक्ष महोदय,**

यस सभामा क्षेत्रगत नीति अर्न्तगत **<u>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</u>** अन्तरगत बिषयगत नीतिहरु प्रस्तुत गर्दछु ।

***"जन सेवा प्रवाह , समर्पित सुशासन र सदाचार,***
***राष्ट्र सेवक कर्मचारी समृद्धिको आधार "***

**अ) संस्थागत विकासः**

१. पालिका र सवै वडा कार्यालयहरुमा दक्ष कर्मचारीको आपुर्ति गर्न संघ तथा प्रदेश सरकारसंग समन्वय गर्दै पालिकाको अधिकार क्षेत्रभित्रका कर्मचारी पदपूर्तिमा तदारुकता ल्याइनेछ ।

२. कर्मचारी भर्ना गर्दा पालिकाको कर्मचारी नियमावली तथा भर्ना सम्बन्धी निर्देशिका अनुसार योग्यता, क्षमता, लैङ्गिक, समावेशीता र अनुभवलाई मुल्याङ्कन प्रणालीद्धारा छनौट गरिनेछ ।

३.Paperless Office को अबधारणालाई लागु गर्न गाउँपालिकामा हुने र गरिने सम्पुर्ण क्रियाकलापहरु सफ्ट कपि सुचना तथा विद्युतिय अभिलेख केन्द्रमा (Digital Storage) गरिने ब्यबस्था मिलाईने छ ।

४. विद्युतिय हाँजिरी ब्यबस्था (Biometric Attendance System) ले हाते हाँजरी ब्यबस्था (Manual Attendance System) लाई पुर्ण रुपमा ब्यबस्थापन गरि प्रशासनिक चुस्ततालाई कायम गरिनेछ ।

५. अन्य निकायवाट समायोजन हुन आउने जनशक्तिलाई आवश्यकता, क्षमता र कार्यालयको आवश्यकताका आधारमा स्वीकारीने ब्यवस्था मिलाई उचित जिम्मेवारी दिईनेछ ।

६. गाँउपालिकाको सस्थागत स्वमूल्याकंनको नतिजाको आधारमा राम्रा अभ्यसहरुलाई निरन्तरता दिदै सुधार गर्नुपर्ने क्षेत्रहरु पहिचान गरि क्षमता विकास योजना तयार गरिनेछ र त्यसको कार्यान्वयमा तिव्रता ल्याइनेछ ।

७. गाउँपालिकाका स्थायी, अस्थायी र करारका कर्मचारीको काम, क्षमता र नतिजाको आधारमा मुल्याङ्कन गरि सेवामा निरन्तरता दिन कार्यसम्पादनको आधारमा सम्मान तथा पुरस्कृत गरिने छ ।

८. गाँउपालिका र प्रत्येक वडामा बिद्युतिय नागरिक वडापत्र राख्ने व्यवस्थालाई कडाईका साथ लागू गरिने छ ।

९.पालिकाकाको समग्र योजनाबद्ध विकासको लागि मध्यकालिन खर्च संरचना सहितको आबधिक योजना निर्माण  गरि यसैका आधारमा विषयगत रणनितिक योजना तथा वार्षिक योजना तयार गर्ने पद्धतिको विकास गरिनेछ ।

१०. गाँउपालिकाका भित्र रहेका बाँकि सबै टोलहरु समाबेश गरी टोल विकास संस्था गठन गरी योजना तर्जुमा, उपभोक्ता समिती गठन, सार्वजनिक परिक्षण तथा अनुगमन कार्यमा परिचालन गरिनेछ । साथै टोल वस्तिमा समाजिक सहिष्णुता कायम गर्न एव सामजिक कुरितिहरुको उल्मुलन गर्न परिचालन गरिने छ ।

११ टोल बिकास संस्थाहरुको क्षमता बिकास गरि पालिकाको सेवा प्रबाहमा सहयागीको रुपमा परिचालन गरी गरिनेछ ।

.१२ न्याय सम्पादनलाई वैज्ञानिक र प्रभावकारी वनाई सवै समुदायको पहुच वढाई समुदायमा शान्तिपुर्ण  वातावरण सृजना गर्न न्यायिक समितीको क्षमता अभिवृद्धि गरिने छ । साथै न्यायिक समितीको कार्यमा चुस्तता ल्याउन सबै वडामा सामुदायिक मेलमिलाप केन्द्र गठन गरी सामुदायिक मेलमिलापको माध्यमबाट विवाद समाधानमा जोड दिईनेछ ।

१३.  विकास साफ्ेदार सस्थाहरु जस्तै राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरु, समुदायमा आधारित सस्थाहरुलाई विकासको अभियानमा संगसंगै लगिनेछ । यस्ता सस्थाहरुले यस गाँउपालिकामा कार्यक्रम गर्ने कार्यक्रम वार्षिक योजनामा समावेश गरिनेछ ।

१४. वित्थडचिर गाउँपालिकामा सर्भरको विकासका लागि सम्भाब्यता अध्ययन गरि यथासक्य प्रयोगमा ल्याइनेछ ।

१५. निजि क्षेत्रको सहभागिता **GROUP SMS, IPS, Software** मोवाईल एप, दर्ता चलानी सम्बन्धी सफ्टोयरको निर्माण गरि कार्यालयहरुमा संचालन ल्याई भर्चुअल **(Virtual)** वित्थडचिर गाउँपालिका बनाईनेछ ।

१६. सुचनाको आधारमा योजना तर्जुमा गर्ने पद्धतिको विकास गरिने छ जसका लागि गाउँपालिकाको  बिद्युतिय पाश्व चित्र (**Digital Profile)** निर्माण गरि सवैको पहुचका लागि गाँउपालिको वेवसाइटमा राखिने छ ।

१७. महाँलेखा परिक्षकको कार्यालयले औल्याएका बेरुजुहरु समयमै फछ्र्यौट गर्न तदारुकताका साथ कार्य गरिनेछ र पालिकालाई बेरुजु शुन्य पालिका बनाउने नीति अबलम्बन गरिनेछ ।

**आ) सेवा प्रवाह**

१. .सेवा प्रवाहको न्यनतम मापदण्ड नमुनाको रुपमा तयार सो को कार्यान्वयन प्रणली वनाई सर्वसुलभ सेवा प्रवाह गरिनेछ ।

२ विकास एवम् सार्वजनिक सेवा प्रवाह सम्बन्धी चुनौति सामना गर्न सुचना तथा प्रविधिमा आधारित नविनतम् तथा मौलिक प्रयोग प्रबर्द्धन गर्न विषेश कार्यक्रम लागु गरिने छ ।

३ कार्यालयको गतिविधीहरुलाई निरन्तर सुचना प्रवाह गर्न सामाजिक संजाल फेसबुक, ट्वीटर र युटुवमा खोलिएका आधिकारीक अकाउण्टहरुलाई नियमितता दिइनेछ ।

४.सुचना तथा संचार प्रविधी सम्बन्धी सेवाहरु रेडियो, टेलिभिजन प्रशारणको ब्यापक पहुँच एवम् विस्तार सुनिश्चित गर्न कार्यक्रम तर्जुमा गरि लागु गरिने छ । स्थानिय संचार माध्यमको विकास र प्रवर्द्धन गर्न वित्थडचिर विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५. कार्यालयको मर्यादा Line of command र आचारसंहिता भित्र रही सार्बजनिक सेवा प्रवाहमा प्रभावकारी बनाउने निरन्तरता दिइनेछ ।

६. गाँउपालिकाले प्रदान गरिने सेवालाई सर्वसुलभ, छरितो र प्रविधीमैत्री बनाईनेछ । सेवाग्राहीको पृष्ठपोषण लिने पद्धतिलाई संस्थागत गर्दै, नागरिक समाज र सरमेकारवालाहरुबाट प्राप्त गुनासोको तत्काल समाधान गर्ने ब्यबस्था मिलाईने छ ।

७ सेवाग्राहीलाई सरल र सहज सेवा लिन सहयोग पुऱ्याउन हेल्पडेस्क स्थापना गरी अबिलम्ब संचालन गरिनेछ ।

८.नागरिकलाई घरदैलोमा सरल र सहज सेवा दिन घुम्ति सेवालाई निरन्तरता दिईनेछ ।

**इ) सुशासन**

१.सार्वजनिक सेवा प्रबाहलाई पारदर्शी, जवाफदेही, जिम्मेबार र परिणाममुखी बनाउन प्रत्येक स्थानिय तह पालिका र वडाहरुले चौमासिक रुपमा सार्वजनिक सनुवाई र समिक्षा गरिने छ । साथै सार्वजनिक सुनुवाई गर्नुपुर्व बहिर्गमन अभिमत र नागरिक प्रतिबेदन पत्रको अभ्यास गरिनेछ र सो को परिणाम सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गर्ने ब्यबस्था मिलाईनेछ ।

२. गाँउपालिका तथा अन्य निकायहरुबाट निमार्ण गरिने भौतिक पूर्वाधारका योजनाहरुको अनिबार्य रुपमा सार्बजनिक परिक्षण पाश्चात मात्र आन्तिम किस्ताको रकम भूक्तानी गरिने छ ।

३ गाँउपालिले प्रत्येक बर्ष बर्षका १ पटक सामाजिक परिक्षण गरिने छ ।

४. गाँउपालिकाले चौमासिक रुपमा नागरिक समाजका सस्थाहरु संग अन्तरक्रिया गरि सुझावहरु लिनेछ साथै यस पालिकामा काम गर्ने विकास साझेदारहरु संग समेत चौमासिक रुपमा विकास गतिविधिको समिक्षा गदै सिकाई आदान प्रदान गर्ने कार्यलाई प्राथमिकताका साथ लागूगरिनेछ ।

५.कर्मचारीसंग कार्यसम्पादन संझौता गरी काम र नतिजाप्रति उत्तरदायि बनाइनेछ ।

६. गाउँपालिका र सवै वडाका कर्मचारी तथा जनप्रतिनिधीहरु लाई सुशासन, सेवा प्रवाह जस्ता विषय समेटी तालिमको ब्यबस्था गरिनेछ ।

७. कार्यलयबाट प्रदान गरीने सेवालाई गुणस्तरिय तथा समय सापेक्ष पालिकाको संस्थागत सुशासन र सेवा प्रवाह सम्बन्धी नीति र कार्ययोजना तजुमा गर्रा कार्यान्वयन गरिने छ ।

८. पालिका तथा वडाका सबै कर्मचारी र जनप्रतिनिधीहरुले कार्यालय ब्यबस्थापन नियमावली र कार्य सम्पादन निर्देशिकालाई अनुसरण गर्ने संयन्त्रको निर्माण गरिनेछ । साथै कर्मचारी आचारसंहिता कडाइका साथ ब्यबहारमा लागु गरिनेछ ।

८. गाउपालिकाको राजस्व प्रसासन सुधारको लागि राजस्व सुधार योजना तर्जुमा र कार्यन्वयनेनमा ल्याइने छ साथै आर्थिक ऐन सांसेधन गरिनेछ र कर तथा गैरकर राजस्व ऐन कार्यन्वयनमा ल्याइनेछ ।

यस सम्मानित गाउँसभामा आ.व. २०७८/०७९को प्रस्तुत नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनका लागि जनप्रतिनिधी ज्युहरु, कर्मचारी ज्युहरु लगायत विभिन्न सरोकावाला निकायहरु तथा आम नागरिहरुमा हार्दिक अनुरोध गर्दछु ।

उक्त नीति तथा कार्यक्रम तयार पार्न महत्वपुर्ण मार्ग निर्देश गर्नुहुने आदरणीय अध्यक्ष ज्यु, कार्यपालिका सदस्य ज्युहरु र प्राविधिक सहयोग गर्नु हुने प्रमुख प्रशासकिय अधिकृत ज्यु लगायत कर्मचारी ज्युहरु, साझेदारी संघिता सहयोग कार्यक्रमका कर्मचारी मित्रहरु र आबश्यक सुझाव सल्लाह दिनुहुने समाजसेवी तथा बुद्धिजिवी ज्युहरु र आम वित्थडचिर बासीहरुमा हार्दिक धन्यवाद ब्यक्त गर्दछु ।

अन्तमा मैले प्रस्तुत गरेको नीति तथा कार्यक्रमलाई ध्यानपुर्वक सुनिदिनु भएकोमा यस सभामा उपस्थित सम्पुर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामि वर्षको नीति तथा कार्यक्रम प्रस्तुती यहिं अन्त्य गर्न चाहन्छु ।

धन्यवाद

जानकी बोहरा
उपाध्यक्ष
बित्थडचीर गााँउपालिका